


छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com




वर्ष २७ •अंक १७६ • २०८२ साल मंसिर ९ गते मंगलबार (25 November, Tuesday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## तस्कर-प्रहरीबीच भिडन्त




**टुडे समाचारदाता**

बारा । नेपाल-भारत सीमावर्ती क्षेत्र अन्तर्गत बाराको पचरौता नगरपालिका-६ स्थित चिकनी टोलमा तस्कर-प्रहरी समूहबीच भिडन्त भएको छ ।

सीमावर्ती क्षेत्र अवस्थित भारतको हनुमाननगरबाट नेपालतर्फ तस्करीको सामान भित्र्याउँदै गर्दा गएराति प्रहरीले रोक्न खोजेपछि तस्कर समूहले एक्कासी प्रहरीमाथि दुई राउण्ड गोली प्रहार गरेको थियो । सोको प्रतिकारस्वरुप प्रहरीले पनि नौ राउण्ड जवाफी फायरिंग गरेको थियो ।

बारा प्रहरीका अनुसार मोटरसाइकलमा आएका २५ जनाको समूहले ट्रैक्टरमा सामान लोड गरी ल्याउँदै गर्दा प्रहरीसंग जम्काभेट भएको थियो । तस्कर समूहले प्रहरीलाई लक्षित गरी गोली प्रहार गर्दै ट्रैक्टरलाई भारततर्फ नै फिर्ता लगेको थियो ।

इलाका प्रहरी कार्यालय सिम्रौनगढबाट प्रहरी निरीक्षक कृष्णदेवप्रसाद साहको कमाण्डमा थप १० जनाको प्रहरी टोली घटना स्थल पुगेको थियो ।

प्रहरीको टोलीले पनि गोली प्रहार गर्दा तस्कर समूहल ४ वटा मोटरसाइकल दशगजा क्षेत्र छाडेर फरार भएको थियो ।

यता घटनाबारे थप अनुसन्धान भइरहेको जनाइएको छ ।

### मटकोर सम्पन्न

# आज सीताराम स्वयम्बर र विवाहोत्सव

**टुडे समाचारदाता**

जनकपुरधाम । त्रेतायुगमा भगवान सीतारामबीच भएको विवाहको स्मरणमा जनकपुरधाममा प्रतीकात्मक विवाह महोत्सव धुमधामका साथ मनाइँदैछ ।

साताव्यापी विवाहपञ्चमी महोत्सव अन्तर्गत अन्तर्गत मंगलबार बिहान जानकी मन्दिरमा विशेष पूजा हुनेछ । त्यसपछि मन्दिरको सरसफाई गरिनेछ । मन्दिरमा दर्शन पूजा निरन्तर चलिरहनेछ । दिउँसो जानकी मन्दिरबाट स्वयम्बरका लागि माता सीताको डोला बाजागाजासहित रंगभूमि मैदान (बाह्रबिघा)का लागि प्रस्थान गर्नेछ । जानकी मन्दिरबाट डोला प्रस्थान गरेसंगै राम मन्दिरबाट फरक मार्ग भएर भगवान रामको डोला स्वयम्बरका लागि रंगभूमि मैदान पुग्नेछ ।

विवाह महोत्सवको दिन रंगभूमि मैदानमा भगवान सीतारामको स्वयम्बर हुने चलन छ । त्रेता युगमा सीता स्वयम्वरको दर्शन गर्न सबै भगवान विभिन्न रुप धारण गरी जनकपुरधाममा आएको रामायणमा वर्णन गरिएको छ । भगवान रामको डोलालाई भगवान जानकीको डोलाले परिक्रमा गर्छ । पुष्पवृष्टि गर्दै श्रद्धालुहरुले जयजयकार गर्छन् ।

त्रेता युगमा देवताहरु आएको संस्मण गर्दै जनकपुरधाममा रहेका अधिकांश मठमन्दिरबाट भगवानहरुलाई रथ, डोलामा सजाएर बाजागाजासहित रंगभूमि मैदानमा ल्याइने गरिन्छ । भगवान सीतारामको स्वयम्बर सम्पन्न भएपश्चात सीतारामको डोलासहित विभिन्न मन्दिरका डोला, झाँकीसहितको शोभायात्रा नगरपरिक्रमा गर्दै जानकी मन्दिरमा पुग्नेछ ।

भगवान जानकीको डोला जानकी मन्दिर परिसरमा पुगेपछि वैवाहिक कार्यक्रम प्रारम्भ हुने उत्तराधिकारी



महन्त रामरोशन दास वैष्णवले जानकारी दिए । मन्दिरको परिसरमा वैवाहिक कार्यक्रम अबेर रातिसम्म हुने गरेको छ । जसमा मिथिलाको परम्परा अनुसार भगवान सीतारामको प्रतीकात्मक विवाह सम्पन्न गरिनेछ । वैवाहिक कार्यक्रममा लाखौं श्रद्धालुहरुको सहभागिता हुनेछ । जनकपुरधामको प्रायः हरेक चोक, सडक र सार्वजनिक स्थलहरुमा श्रद्धालुहरु बास बसेका छन् ।

यसैबीच सीताराम विवाह महोत्सवको पाँचौ दिन सोमबार माता सीताको मटकोर विधि सम्पन्न भएको छ । जानकी मन्दिरबाट सीताको प्रतीकत्मकसहितको शोभायात्रा पवित्र गंगासागर पुगेको थियो । हजारौं श्रद्धालुहरुको सहभागिता रहेको मटकोर विधि मिथिलामा विवाहको पूर्व हुने अत्यन्त महत्वपूर्ण मानिन्छ ।

मटकोरमा मन्दिरका उत्तराधिकारी महन्तलगायत पुजारी र मन्दिरका सखीहरुले मिथिला परम्परा अनुसारको विधिविधान पूरा गरे । मटकोर पूजा सम्पन्न भएपछि मात्र मिथिलामा विवाह हुने चलन छ । साताव्यापी सीताराम विवाह पञ्चमी महोत्सवको पहिलो दिन नगर दर्शन, दोस्रो दिन फूलवारी लीला, तेस्रो दिन धनुष यज्ञ चौथो दिन तिलकोत्सव र पाँचौ दिन मटकोर पूजाको विधि सम्पन्न भएको छ ।

मंगलबार विवाहोत्सव सम्पन्न भएपछि बुधबार रामकलेवासंगै साताव्यापी सीताराम विवाहपञ्चमी महोत्सव समापन हुनेछ । बेहुली पक्षको तर्फबाट जानकी मन्दिर परिसरमा अयोध्याबाट जन्तीको रुपमा आएका साधु सन्तमहन्त, श्रद्धालु भक्तजनहरुलाई विदाइसहितको भोज गरिन्छ ।

रामकलेवा पछि जानकी मन्दिरका महन्त रामतपेश्वर दास वैष्णवले अयोध्याबाट आएका जन्तीहरुलाई स-सम्मानका साथ दक्षिणा दिएर विदाइ गरिने बताइएको छ ।

भगवान सीतारामको वैवाहिक कार्यक्रममा सहभागी हुन सबै लोकका देवीदेवता जनकपुरधाम आएको रामायणमा वर्णित छ । जन्तीसहित आएका महाराज दशरथको स्नान र आवासको विशेष व्यवस्था गरिएको थियो । राजा दशरथ स्थान गर्ने सरोवर दशरथ तलाउ (महाराज सागर) र त्यसको डिलमा दशरथ मन्दिर अझै विद्यमान छ ।

माता सीताको आवास सुन्दर सदनमा पनि वैवाहिक महोत्सवको आयोजन गरिएको छ । कमला नदीबाट मटकोर विधि गरी माटो ल्याइएको महन्त नवलकिशोर शरणले बताए । उनले भने, 'कमला नदीबाट मटकोर विधि गरी माटो ल्याइएको छ, मंगलबार विवाहोत्सव कार्यक्रम रहेको छ ।

जनकपुरधामको प्रायः सबै मठमन्दिरहरुमा विवाह महोत्सवको अवसरमा विशेष भजन कीर्तनहरु गरिदैछ । जानकी मन्दिरमा सहनाई गुञ्जयमान छ । जनकपुरधाम नै विवाहमय बनेको छ । संसारमै जनकपुरधाममा मात्र भगवान रामलाई सभ्य रुपमा गाली गर्दै मैथिलानीहरु विवाहोत्सव मनाइरहेका छन् । जनकपुरधाममा भगवान रामलाई गाली गर्दै मनोरञ्जन गराइने परम्परा पनि रहेको छ ।

# सर्वोच्च अदालतको आदेशको अवहेलना, प्रदेश प्रमुख विवादमा

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले सर्वोच्च अदालतको आदेशको अवहेलना गरेको आरोप विपक्षी दलले लगाएको छ ।

मुख्यमन्त्री यादवसम्बन्धी मुद्दामा सर्वोच्च अदालतले नीतिगत र दीर्घकालीन असर पर्ने कुनै पनि निर्णय नगर्न अन्तरिम आदेश जारी गरेको छ ।

तर मुख्यमन्त्री यादवले अदालतको आदेश विपरीत बिना विभागीय मन्त्रीहरुलाई विभाग बाँडफाँट गरेका छन् ।

उनलाई समेत सोही दिन बर्दिवासमा बर्खास्तमा परेकी तत्कालीन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले तीनजना मन्त्रीलाई विना विभागीय मन्त्रीको रुपमा नियुक्तिसंगै शपथग्रहण गरेका थिए ।

मुख्यमन्त्री यादवले एमालेबाट मन्त्री बनेका लखन दास तत्मालाई उर्जा, सिचाइँ तथा खानेपानी मन्त्रालय, विमला अन्सारीलाई



गृह, सञ्चार तथा कानुन मन्त्रालय र कञ्चन विच्छालाई वन तथा वातावरण मन्त्रालयको जिम्मेवारी सोमबार तोकिएको छ ।

अन्सारी संघीय नेपाल समाजवादी पार्टी नेपालबाट र विच्छा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बाट मन्त्री बनेकी हुन् । विच्छालाई पदमुक्त गर्न राप्रपाले प्रदेश सभामा पत्र समेत पठाइसकेको छ ।

मुख्यमन्त्री यादवले मन्त्रालय बाँडफाँट गर्नु सर्वोच्च अदालतको अन्तरिम आदेशको विपरीत भएकाले प्रदेश प्रमुख डा. सुरेन्द्र लाभले त्यसमा साथ दिनु कानुनी राज्यको उपहास रहेको जनता समाजवादी पार्टी(जसपा) नेपाल मधेश प्रदेशका संसदीय दलका नेतासमेत रहेका पूर्वमुख्यमन्त्री सरोज कुमार यादवले बताएका छन् ।

अदालतको अन्तरिम आदेशको सम्मान र लोकतान्त्रिक विधि प्रक्रिया बमोजिम प्रदेश प्रमुख डा. लाभले कार्य गर्नुपर्नेमा जोड दिँदै अदालतको समेत अवहेलना हुने कार्य गर्नेलाई पदमा राख्न नहुने बताए ।

अदालतको आदेश विपरीत मुख्यमन्त्री यादवले प्रदेश सचिवलाई आफू रहेको स्थलमा बोलाएर ५ करोड रुपैयाँको योजना बनाउन निर्देशन दिने नाटकबाजी गर्नेलाई विश्वास नगर्न पूर्वमुख्यमन्त्री यादवले आग्रह गरे ।

सर्वोच्च अदालतमा मंसिर ११ गते मुद्दा फैसला हुने सम्भावना छ । तर त्यसको तीन दिन अगावै मुख्यमन्त्री यादवको निर्णयले फेरि अर्को प्रदेश प्रमुख पनि विवादमा तानिएका छन् ।







# कैफियत देखिएपछि अर्घाखाँची सिमेन्टलाई दुई लाख बढी जरिवानामा

काठमाण्डु । उपभोक्ता संरक्षण ऐनअनुसार काम नगरेको पाइएपछि वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले अर्घाखाँची सिमेन्टलाई रु दुई लाख पाँच हजार बराबरको जरिवाना गरेको छ ।

विभागले अनुगमनको क्रममा उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा १६ र दफा ३८ बमोजिमको कसुरमा सोही ऐनको दफा ३९ को १ बमोजिम कारबाही गरेको हो । विभागले आइतबार रूपन्देही र काठमाडौँका विभिन्न उद्योग तथा प्रतिष्ठानमा एकैपटक बजार अनुमगन गरेको र कैफियत

वस्तुको उत्पादक, ढुवानीकर्ता, सञ्चयकर्ता, पैठारीकर्ता, बिक्रेता वा सेवा प्रदायकले देहायको कुनै कसुर गरेको देखिएमा निजलाई निरीक्षण अधिकृतले देहाय बमोजिम जरिवाना गर्न सक्नेछ' भन्ने व्यवस्था छ । ऐनअनुसार अनुचित व्यापारिक क्रियाकलाप गरेको पाइएको खण्डमा निरीक्षण अधिकृतले अधिकतम रु दुई लाखदेखि रु तीन लाखसम्म जरिवाना गर्न सक्नेछन् ।

यस्तै विभागले तिरूपति फुड प्रोसोसिङ इण्डस्ट्रिज सिदार्थनगर रूपन्देहीलाई पनि रु दुई लाख पाँच हजार जरिवाना गरेको छ ।




देखिएकालाई जरिवाना गरेको प्रेस विज्ञप्तिमार्फत जानकारी दिएको छ । त्यसमा वस्तु तथा सेवाको वास्तविक गुणस्तर, परिमाण, मूल्य नापतौल, ढाँचा वा बिक्री वा प्रदान गर्ने कार्यलाई अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप गरेको मानिने उल्लेख छ ।

ऐनको दफा ३९ मा ' बजार अनुमगन, निरीक्षण, जाँचबुझ वा खानतलासीको क्रममा तत्काल प्राप्त प्रमाणबाट

विभागले पञ्चकन्या स्टीललाई सामान्य निर्देशन दिएको छ । विभागले आइतबार आकवा मिनरल्स, त्रिकोण वेभरेज, कुण्डपानी प्रशोधन उद्योग, अन्नपूर्ण इन्डस्ट्रिज, एनबि वेभरेज, शुभकामना मिनिरल वाटर एण्ड वेभरेज, चण्डेस्वरी मिनरल वाटर एयड वेभरेल, झरना प्योर ड्रिङकिङ वाटर प्रालि र कीर्तिपुर सहकारी खानेपानी उद्योगमा स्थलगत अनुमगन गरेको थियो ।रासस

# 'सामाजिक सञ्जाललाई नियमन नगरेसम्म साइबर अपराध न्यूनीकरण चुनौतीपूर्ण'



पाटन । विदेशबाट सञ्चालन हुने सामाजिक सञ्जाललाई नियमन नगरेसम्म साइबर अपराध न्यूनीकरणमा समस्या हुने जनाइएको छ ।

महिला, कानुन तथा विकास मञ्च र सञ्चारिका समूहको संयुक्त आयोजनामा सोमबार ललितपुरमा भएको नेपालमा महिला तथा बालिकाविरुद्ध हुने डिजिटल हिंसासम्बन्धी अन्तरक्रियामा सरोकार भएकाहरूले देशबाहिर रहेका सञ्जाल चुनौतीका रूपमा रहेका जनाएका हुन् ।

कार्यक्रममा ञ्चार तथा सूचना प्रविधि मन्त्रालयका निमित्त सचिव उदयबहादुर रानामगरले नेपालमा सूचीकृत नभएका विदेशमा मुख्य कार्यालय रहेका सामाजिक सञ्जालबाट हुने डिजिटल अपराधका सामग्री हटाउन समस्या रहेको बताउनुभयो । कतिपय अपराधका घटनामा तत्कालै कारबाही गरी अपराधको न्यायिक निरुपण गर्न कठिनाइ भएको उहाँले सुनाउनुभयो ।

निमित्त सचिव रानामगरले भन्नुभयो, "डिजिटल अपराध विश्वमा नै चुनौतीपूर्ण बन्दै गएको छ । अपराधका प्रकृति दिनानुदिन फरकफरक हुँदै गइरहेका छन् । नेपालमा पनि डिजिटल माध्यमबाट अपराधका घटना बढिरहेका छन् । यस्तो अवस्थामा हाम्रा कानुनलाई समयसापेक्ष परिमार्जन गरेर समाधानमा ध्यान दिन आवश्यक छ । डिजिटल संसारलाई सही सदुपयोग गरी अगाडि बढाउन सचेतनामा जोड दिनुपर्छ ।"

सञ्चारिका समूहकी अध्यक्ष कमला पन्थीले भर्चुअल संसारमा बाँचिरहेको नयाँ पुस्तालाई डिजिटल माध्यमबाट हुने हिंसाबारे सचेत गराउँदै न्यायका लागि सुसूचित गराउनुपर्नेमा जोड दिनुभयो ।विकास मञ्चका कार्यकारी निर्देशक सविन श्रेष्ठले पुरुष र महिलामा हुने डिजिटल हिंसा फरक भएको भन्दै साम्प्रदायिक सद्भाव कायम राख्ने र लैङ्गिक असमानता हटाउने गरी काम गरिनुपर्नेमा जोड दिनुभयो ।

पूर्वीमिस नेपाल माल्भिका सुब्बाले १५ वर्षअघि नै डिजिटल माध्यमबाट हिंसा भोग्नुपरेको सुनाउँदै यस्ता घटनामा एकताबद्ध भएर आवाज उठाउनुपर्ने बताउनुभयो । आवश्यक सचेतना नहुँदा पीडितले कानुनी उपचार पाउन नसकेको र मानसिक स्वास्थ्यमा प्रतिकूल असर पारिरहेको बताउनुभयो ।

नेपाल प्रहरीको साइबर ब्युरोमा कार्यरत प्रहरी निरीक्षक दीपा भट्टराईले ब्युरोमा काम गर्दाको अनुभव सुनाउँदै साइबर अपराधबाट महिला बालबालिका धेरै प्रभावित भएको बताउनुभयो । उहाँले डिजिटल अपराधले मानिसको मानसिक स्वास्थ्यमा गम्भीर असर पर्ने गरेको भन्दै यस्ता हिंसालाई रोक्न आवाज उठाउनुपर्नेमा जोड दिनुभयो ।

उहाँका अनुसार साइबर ब्युरोमा आर्थिक वर्ष ८०/८१ मा नौ हजार, २०८१/८२ मा आठ हजार ४०० र चालु आर्थिक वर्षमा दुई हजार ९०० उजुरी परेको भन्दै निवेदकमध्ये ५० प्रतिशत महिला रहेको जानकारी दिनुभयो । कार्यक्रममा सामाजिक सञ्जाल र डिजिटल माध्यमबाट महिलामाथि हुने हिंसालाई समेटेर कचरी नाटक प्रस्तुत गरिएको थियो ।रासस

# सर्वोच्च अदालतमा आगजनी गर्ने पाँच जना पक्राउ



काठमाण्डु । जेनजी आन्दोलनका क्रममा सर्वोच्च अदालतमा आगजनी र तोडफोड गर्ने पाँच जनालाई प्रहरीले पक्राउ गरी सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेमा राजु परियार, कुमार पराजुली, सुशील श्रेष्ठ र ज्योति थापा घतानी रहेको सोमबार आयोजित पत्रकार सम्मेलनमा जिल्ला प्रहरी परिसरका प्रवक्ता पवनकुमार भट्टराईले जानकारी दिनुभयो ।

प्रहरीले एक जनाको भने पहिचान खुलाएको छैन । अदालतमा आगजनी गर्ने अन्य केहीको पहिचान भइसकेको जानकारी दिँदै उहाँले उनीहरुलाई पनि छिट्टै कानुनी दायरामा ल्याइने बताउनुभयो । अदालतमा आगजनी गर्नेमाथि छानबिन गरी कारबाही गर्न सर्वोच्चले परिसरमा जाहेरी दिएको थियो ।

परिसरमा जेनजी आन्दोलनका क्रममा आगजनी, तोडफोड, आपराधिक उपद्रवसँग सम्बन्धित १०४ वटा जाहेरी परेको छ । त्यसमध्ये २२ व्यक्तिगत, ६६ वटा सरकारी कार्यालय र १६ वटा संस्थागत/व्यापारिक प्रतिष्ठानको रहेको परिसरले जनाएको छ ।

आन्दोलनका क्रममा काठमाडौँमा मात्रै ४९ जनाको मृत्यु भएको प्रहरी तथ्याङ्क छ । त्यसमध्ये सात जनाको अझैसम्म पहिचान छैन । सो समयमा हराएका सात जनाको हुलिया प्राप्त भएको प्रहरीले जनाएको छ । "चुच्चेपाटीको भाटभटेनीमा सात वटा कङ्काल फेला परेका हुन्, जसले आशङ्का गर्नुभएको छ, फेला परेको शव पूर्णरुपले जलेकाले डिएनएनको नमुना पाउन सकिएन", उहाँले भन्नुभयो, "पहिचानका लागि अन्य ठाउँमा पठाउने कि भनेर लागेको छौँ, सो शवको पहिचान नभएसम्म त्यसको यकीन गर्ने आधार देखिएन ।"

यसबीचमा विभिन्न कसुरमा १५४ वटा दर्ता भएको, २६७ जनालाई पक्राउ गरिएको, ८७ जना हाजिर जमानीमा छुटेका, ११३ जना हिरासतमा रहेको, ३३ जना धरौटीमा छुटेका छन् भने ४३ जना पुर्पक्षका लागि थुनामा पुगेका छन् ।रासस

# रसुवागढी नाकास्थित 'बेलीब्रिज' निर्माणमा चिनियाँ पक्षको प्राथमिकता

काठमाण्डु । नेपाल-चीन जोड्ने रसुवागढीस्थित नाकामा निर्माणाधीन बेलीब्रिज तयारीको कामले तीव्रता पाएको छ ।

दैनिक ३०-३५ जना चिनियाँ कामदारसहितको प्राविधिक समूह आधुनिक उपकरणको समेत प्रयोग गरी उच्च प्राथमिकताका साथ निर्माण प्रक्रियमा जुटेसँगै मितेरी पुलका रुपमा परिचित सो बेलीब्रिज अब छिट्टै बन्ने अवस्थामा पुगेको हो ।

गत असारमा ल्हेन्देखोलामा आएको बाढीले रसुवागढी नाकास्थित अन्तरराष्ट्रियस्तरको पक्की पुल बगाएपछि चीन सरकारको सहयोगमा निर्माण भइरहेको बेलीब्रिज अबको एक महिनाभित्र तयार भइसक्ने स्थानीय बासिन्दा तथा सुरक्षाकर्मीको भनाइ छ ।



चिनियाँ पक्षका अनुसार यसअघि नै तयार गरिसक्ने योजनाका साथ काम सुरु भए पनि लगातारको वर्षासहित नदी तथा खोलामा आएको बाढीका कारण कामले गति लिन नसक्दा निर्माण कार्य ढिलो हुन पुगेको हो । खोलामा पानीको बहाव नघट्दा, बिच्छ्याइएका हिमपाइप पटकपटक बगाउँदा र बेलीब्रिज निर्माणका क्रममा जडान गरिएको फलामका पत्ता एक्कासि लच्केपछि त्यसलाई निकालेर अर्को जडान गर्नुपर्दा अपेक्षा गरिएअनुसारको समयसीमाभित्र काम पूरा हुन नसकेको सम्बद्ध प्राविधिको भनाइ छ ।

स्थानीय बासिन्दाका अनुसार आवश्यक जनशक्तिको व्यवस्थासहित तीनवटा 'जोमक्रेन' समेत परिचालन गरिएकाले आगामी 'डिसेम्बर' सम्म निर्माणाधीन बेलीब्रिज तयार भई दुई देशबीचको आवतजावत सहज हुनेछ । उच्च रफ्तारका साथ काम गरिरहेको चिनियाँ प्राविधिक टोलीले विकट भूगोल र पूर्वानुमान गरिएभन्दा असहज किसिमको मौसमका कारण काममा विलम्ब भएको स्पष्ट गर्दै समयसीमा किटान नगरीकन यथासक्य छिटो बेलीब्रिज निर्माणमा आफूहरू खटिरहेको स्पष्ट गरेको छ ।

स्थानीय गोसाइँकुण्ड गाउँपालिका-२ का अध्यक्ष कामीछिरिङ तामाङ उपकरणको व्यवस्थासहित बेलीबिज्र निर्माणमा भइरहेको प्रगति र चिनियाँ पक्षको प्राथमिकतालाई हेर्दा अबको एक महिनामा मितेरीपुल निर्माण सम्पन्न हुने बताउनुहुन्छ ।रासस

# एक खर्ब पुग्न लाग्यो सामाजिक सुरक्षा कोषमा योगदानको रकम




काठमाण्डु । सरकारले आमनागरिकलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन शुरु गरेको सामाजिक सुरक्षा कोषमा झण्डै रु एक खर्ब बराबरको योगदान रकम पुगेको छ ।

कोषका अनुसार हालसम्म कूल योगदान रकम रु ९५ अर्ब ४४ करोड १० लाख ५६ हजार तीन सय ६२ बराबर पुगेको छ । कोषमा हालसम्म सूचीकृत रोजगारदाता २२ हजार तीन सय नौ पुगेका छन् । यस्तै सूचीकृत योगदानकर्ता २६ लाख ४१ हजार एक सय ८९ बराबर पुगेको छ । कोषले हालसम्म रु १७ अर्ब ६४ करोड ८८ लाख ३४ हजार छ सय ८४ बराबरको रकम दाबी भुक्तानी गरेको छ ।

कोषका अनुसार, औषधी उपचार, स्वास्थ्य तथा मातृत्व दाबी रकम रु दुई अर्ब ५१ करोड २० लाख ९४ हजार आठ सय २२, दुर्घटना तथा अशक्तता दावी रु २२ करोड ८६ लाख ५३ हजार चार सय ७५ बराबर रहेको छ । त्यस्तै आश्रित परिवार सुरक्षा दाबी रकम रु २९ करोड सात लाख ७२ हजार एक सय १६ र अवकाश दाबी रकम रु १४ अर्ब ६१ करोड ७३ लाख १४ हजार दुई सय ७१ बराबर छ ।

सरकारले पछिल्लो पटक वैदेशिक रोजगारीमा जाने श्रमिकलाई समेत कोषमा अनिवार्य रूपमा सहभागी हुनैपर्ने वाध्यकारी व्यवस्था गरेपछि कोषको प्रभावकारिता समेत बढेको छ । स्वरोजगार श्रमिक, उद्योग प्रतिष्ठान तथा विभिन्न सङ्घसंस्थाका कार्यरत कामदार तथा श्रमिक कोषमा सहभागी भइ योगदानकर्ता बन्न सक्छन् ।रासस

# मेयरको राजीनामा माग्दै वडाध्यक्ष आन्दोलनमा



**टुडे समाचारदाता**

रौतहट । रौतहटको फतुवा बिजयपुर नगरपालिकाका वडा अध्यक्षहरुले मेयर गोपाल रायको राजीनामा सहितका विभिन्न माग राख्दै विरोध जुलुस प्रदर्शन गरेका छन् ।

उनीहरुले करारको कर्मचारीलाई ब्यवस्थापन गर, नगरलाई बन्धक बनाउन पाइदैन, कार्यवाहक मेयरको एकल निर्णय चल्दैन, असफल कार्यवाहक मेयर राजीनामा देउ लगायतका माग सहितको नाराबाजी गर्दै सोमवार बिजयपुरमा विरोध जुलुस निकालेका हुन ।

यसका साथै बिधुतको बाकी बक्यौता रकम तुरुन्तै भुक्तानी गर, जन्तालाई ठग्न पाईदैन भन्ने माग समेत अघि सारेका छन् ।

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | विदेशमा गरेको लगानीबाट फाइदा हुनेछ । |
| वृष : | बोलीलाई नियन्त्रण गर्नुपर्ने दिन छ । शिक्षाको क्षेत्रमा जोश र जाँगर बढ्नेछ। |
| मिथुन : | परिवारसंग बसेर रमाइलो गर्ने दिन छ। मनमा शान्ति मिल्नेछ । |
| कर्कट : | आफन्तले सहयोग गर्नेछन् । साथीको सहयोगले महत्वपूर्ण काम बन्नेछ । |
| सिंह : | धार्मिक व्यक्तिसंगको भेटले मन हलुका हुनेछ । आफन्तले साथ दिनेछन् । |
| कन्या : | खानपानमा ख्याल नगर्दा स्वास्थ्यमा समस्या हुनसक्छ । |
| तुला : | संगठनका साथीबाट असहयोग हुनेछ। थोरै बोलेर अगाडि बढ्नु राम्रो हुनेछ। |
| वृश्चिक : | लगानीका क्षेत्रबाट राम्रो आम्दानी हुनेछ । मन खुशी हुनेछ । |
| धनु : | साथीको सहयोगले महत्वपूर्ण काम बन्नेछ । मनमा शान्ति मिल्नेछ । |
| मकर : | सल्लाहकारबाट धोका हुने भएकाले सचेत बन्नुपर्नेछ । |
| कुम्भ: | मन अशान्त बन्नसक्छ । |
| मीन : | खानमा रुचि नबढ्ने देखिन्छ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**नेपाल रेल्वको समय तालिका**

जनकपुरधाम - जयनगर
बिहान :- ८:३० बजे
दिउँसो :- ११:४६ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



रामजानकी विवाहपञ्चमी महोत्सवको पाँचौं दिन सोमबार जनकपुरधामको गङ्गासागर पोखरीमा **मटकोर विधि** कार्यक्रम हेर्ने भक्तजनको घुइँचो । *तस्बिरः रासस*

# वीरगञ्ज भन्सारद्वारा चार महिनामा ७५ अर्ब ५८ करोड राजस्व सङ्कलन




वीरगञ्ज । वीरगञ्ज भन्सार कार्यालयले चालु आर्थिक वर्ष २०८२/८३ को चार महिनामा रु ७५ अर्ब ५८ करोड राजस्व सङ्कलन गरेको छ ।

भन्सार विभागले कार्यालयलाई चालु आवको चार महिनामा रु ८९ अर्ब २४ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरे पनि सो अवधिमा लक्ष्यको ८५ प्रतिशत मात्रै राजस्व सङ्कलन भएको हो । चालु आवको साउन, भदौ र असोज महिनामा राजस्व सङ्कलन उत्साहजनक भए पनि कात्तिक महिनामा भने राजस्व सङ्कलन उत्साहजनक देखिएको छैन ।

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले कात्तिक महिनामा जेनजी आन्दोलन, छठपर्व, बाढीलगायतका कारणले पनि राजस्व सङ्कलन लक्ष्यअनुसार हुन नसकेको बताउनुभयो ।"चालु आवको तीन महिनामा राजस्व सङ्कलन लक्ष्य उन्मुख भइरहेको थियो", उहाँले भन्नुभयो, "कात्तिक महिनामा रु २३ अर्ब ६३ करोड लक्ष्य राखिएकामा सो अवधिमा रु १७ अर्ब ३३ करोड राजस्व सङ्कलन भएको छ ।"

वीरगञ्ज भन्सार कार्यालयका अनुसार साउन महिनामा रु १८ अर्ब ४४ करोड, भदौ महिनामा रु २० अर्ब ७३ करोड, असोज महिनामा रु १९ अर्ब नौ करोड र कात्तिक महिनामा भने रु १७ अर्ब ३३ करोड राजस्व सङ्कलन भएको छ ।रासस

# नसर्ने रोगले आँखाको समस्या बढाउँदैः एक अध्ययन


काठमाण्डु । एक अध्ययनले नसर्ने रोगबाट पीडित हुनेमा आँखामा हुने समस्याको जोखिम हुने देखाएको छ । तिलगङ्गा आँखा प्रतिष्ठानले करिब पाँच हजारलाई समेटेर गरेको काठमाडौँ केन्द्रित आँखा अध्ययनले नसर्ने रोग भएकामा आँखाको समस्या बढी पाइएको देखाएको हो । अध्ययन सोमबार एक कार्यक्रमकाबीच सार्वजनिक गरिएको हो ।

अध्ययनले हाइपरटेन्सन र मधुमेह भएकामा आँखाको समस्या रहेकामा उच्च रक्तचाप भएका सहभागीहरूमध्ये एक प्रतिशतमा 'हाइपरटेन्सिभ रेटिनोप्याथी' थियो भने मधुमेह भएकाहरूमध्ये ७.३ प्रतिशतमा 'डायबेटिक रेटिनोप्याथी' पाइएको छ । रेटिनोप्याथी भन्नाले आँखाको रेटिनामा देखिने समस्या हो जसले अन्धोपना पनि निम्त्याउन सक्छ ।

अध्ययनले सन् २०२२ देखि २०२४ सम्म काठमाडौँ जिल्लामा लगभग ८० प्रतिशत दृष्टिविहीनता दृष्टिदोषका कारण थियो ।

अध्ययनले आँखा दानबारे जानकारी भए तापनि दानमा रुचि कम भएको देखाएको छ । २५२ उत्तरदातामध्ये ५६ प्रतिशत आँखा दानबारे सचेत देखिएका छन्भने ४५ (१७.९ प्रतिशत) उत्तरदाताहरूले मात्र आँखा दानमा रुचि देखाएका छन् । सहभागीहरूको चार हजार ४६७ अर्थात् ९१ प्रतिशतले आँखा स्वास्थ्य परामर्श लिएका थिए जसमध्ये अधिकांश तीन हजार २१४ (७१.१९ प्रतिशत) आँखा अस्पताल गएका थिए । परामर्श नलिनेहरूमध्ये धेरैले आवश्यकता महसुस नहुनु, समयको अभाव, वैकल्पिक औषधिमा निर्भरता, साथीको अनुपस्थिति र सहभागीहरूको आर्थिक बाध्यताहरू रहेको बताएका थिए ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा विकास



४० वर्षभन्दा माथिका व्यक्तिहरूमा देखिने आँखाका रोगहरू, जोखिम कारकहरू, सेवासुविधामा रहेको पहुँच, जनचेतना तथा आँखादानप्रति जनमानसको धारणा जस्ता विषयहरूमा महत्वपूर्ण तथ्यहरू सार्वजनिक गरेको हो ।

'एन एपेडिमियोलोजिकल स्टडी अफ ओकुलर डिजिज इन काठमाडौँ डिस्ट्रिक्ट अफ नेपालः काठमाडौँ आइ स्टडी' नामक अध्ययनमा चार हजार ९९० जना सहभागी थिए । सहभागीहरूमध्ये ९७.७ प्रतिशत कुनै न कुनै प्रकारको आँखा रोगबाट पीडित रहेको पाइएको थियो । अध्ययनले मोतियाविन्दु र दृष्टि दोष दृष्टिविहीनता र अन्धोपनका प्रमुख कारणहरू रहेको देखाएको छ जसमा ४१.७ प्रतिशत अन्धोपन मोतियाविन्दुका कारण थियो र

देवकोटाले यो अध्ययनले आँखा स्वास्थ्यमा अझै पनि सचेतना पुग्न नसकेको बताउनुभयो । उहाँले यो अध्ययन आँखा स्वास्थ्य सेवाका लागि नीति तथा कार्यान्वयनका लागि प्रभावकारी भूमिका खेल्ने बताउनुभयो । उहाँले भन्नुभयो, "काठमाडौँ केन्द्रित महत्वपूर्ण आँखा अध्ययन सार्वजनिक भएको छ । अध्ययनले प्रारम्भिक जाँचले कतिपय आँखाको समस्याहरु हल भएर जाने हुनाले जनचेतनाको आवश्यकता रहेको देखाएको छ ।"

तिलगङ्गाकी प्रमुख कार्यकारी अधिकृत तथा अध्ययनकी प्रमुख अनसुन्धानकर्ता डा रीता गुरुङले काठमाडौंमा आँखा स्वास्थ्यलाई सुदृढ गर्न व्यापक स्वास्थ्य प्रणालीभित्र आँखा हेरचाहलाई एकीकृत गर्न आवश्यक रहेको बताउनुभयो । रासस

# चुहिएको छानो र झ्यालको पल्ला फेर्ने देवको सपना अधुरै

बरहथवा । छब्बिस वर्षीया पार्वती सुवेदीको अझै मन सम्हालिएको छैन् । उहाँलाई गत भदौ २४ गतेको त्यो दिनले अहिले पनि एक्लै बस्न दिँदैन । त्यो दिन सम्झँदा अहिले पनि उहाँ भक्कानिनु हुन्छ । सत्ताइस वर्षका श्रीमान् देवकुमार सुवेदीको जेन्जी आन्दोलनको क्रममा गोली लागेर मृत्यु भएपछि उहाँका हरेक दिनहरू पीडामा बितेका छन् । आफूनो जीवनको खुसी खोसिएको भदौ २४ गतेले आफूलाई बेलाबेलामा झस्काउने गरेको उहाँ सुनाउनुहुन्छ । "दिनभरि यताउता गरेर बित्छ, जब साँझ पर्छ, श्रीमान् आउनु हुन्न भन्ने मनमा पर्दा मन भक्कानिएर आउँछ" आफू र श्रीमान्ले भएको ऋणधन तिरेर छोरीको भविष्य बनाउन देखेको सपनाले सताइरहेको उहाँले बताउनुभयो ।

भदौको तेस्रो हप्ता जेन्जी आन्दोलन हुने हल्ला सुरु भयो । आन्दोलन कस्तो होला ? अन्योल थियो । देवकुमार पनि श्रीमती र छोरीसहित ललितपुरको सानेपामा रहेको सडक डिभिजन कार्यालयमा ज्यालादारी कर्मचारीको रुपमा कार्यरत हुनुहुन्थ्यो । कार्यालय सहयोगी, चालकदेखि सुरक्षा गार्डसम्मको काम गर्ने भएकाले उहाँ कार्यालय परिसरमै रहेको क्वाटरमा बस्ने गर्नुभएको थियो ।

पहिलो दिनको आन्दोलनमा केही विद्यार्थीको गोली लागेर ज्यान गएपछि भोलिपल्टको अवस्था थप जटिल बन्यो । भदौ २३ गते आन्दोलन हुँदासम्म काठमाडौँका अधिकांश कार्यालय सञ्चालनमै थिए । त्यसकारण देवकुमार पनि कार्यालयमै व्यस्त हुनुभयो । तर, दिउँसो भएको आन्दोलन अनियन्त्रित भएपछि काठमाडौँमा कर्फ्यू आदेश जारी भयो ।

अधिकांश मानिस अघिल्लो दिनको बर्बरतापूर्ण दमनको प्रतिकारमा उत्रन आतुर देखिएका थिए । सोही हुटहुटीले देवकुमारलाई पनि सडकसम्म ल्यायो । "बिहानै अफिसको मोटामोटी काम सकेर उहाँ कोठामा आउनुभयो," पार्वतीले भन्नुभयो, "मैले आज अफिस खुल्छ त ? भनेर सोधेँ । उहाँले खै भन्ने जवाफ दिनुभयो ।"

हामी कोठामा नियमित काममा लाग्यौँ । हाम्रो नौ वर्षकी छोरी छिन् । उनी मसँगै थिइन् । उहाँको कामबाट आएको तलबले मात्र हामीलाई खर्च कम हुन्थो । थोरै भए पनि सहयोग हुन्छ, भनेर मैले पनि बिहानको समयमा काम गर्ने गरेको थिएँ । यसरी पनि नहुने भयो भनेपछि उहाँले एकजना दाजुसँग मिलेर बिहान-बेलुका कालीमाटीमा तरकारी व्यापार गर्ने योजना बनाउनुभयो ।

घटनाको दिन स्मरण गर्दै पार्वती भन्नुहुन्छ, "त्यो दिन सडक विभागको कार्यालय बन्द हुने भएपछि तरकारी व्यापार साझेदारसँग भेटेर फर्पिङमा लप्सीका लागि अपुग पैसा पुऱ्याउन जाने भनेर ३५ हजार रुपैयाँ बोकेर निस्कनुभयो । उहाँले जाने बेलामा साझेदार दाजुकोमा खाना खाने योजना छ भनेर सुनाउनु पनि भयो । त्यसपछि हामी आमाछोरी खाना खान बस्यौँ । तर, उहाँले गाडी नपाएपछि घर फर्कनु भएछ । पैसा पठाई दिएँ तर जान मिलेन भनेर घर आउनु भएपछि मैले खान खानु न त भनेँ, उहाँले मान्नु भएन । आन्दोलन हेरेर आउँछु भनेर निस्कनुभयो । आन्दोलनमा होमिएकाहरुलाई उहाँले खाना फलफूल बाँडेर आउनुभएको रहेछ । मैले पनि त्यही खाएँ भनेर, खान खान मान्नु भएन । ब्याग र नयाँ जुत्ता कोठामै राखेर पुरानो जुत्ता लगाएर फेरि जान्छु भनेर हिँड्नुभयो ।

पार्वती भन्नुहुन्छ, "मैले नजानुस् हिजो त्यस्तो घटना भएको छ । भनेर सम्झाउन खोजेँ तर उहाँले बाहिर देश परिवर्तनको आँधीबेहरी चलेको छ । हामी जस्तो युवा घरमा लुकेर बसेर हुन्छ ? देश लुटेराहरुले भ्रष्टाचार गरेर आफू मात्र बने, देश खोक्रो पारे । म कालीमाटीसम्म पुगेर हेरेर आउँछु, भन्दै उहाँ हिँड्नुभयो । म र छोरी खाना खाएर बसेका थियौँ । एकैछिनमा बल्खु तर्फबाट ठूलो सङ्ख्यामा आन्दोलनकारीहरु आए । त्यो देखेपछि मेरो मनमा पनि चिसो पस्यो । त्यतिबेलासम्म मेरो दिदी पनिसँगै हुनुहुन्थ्यो । दिदीलाई अनुरोध गरेर श्रीमान्लाई खोज्न हिँडेका हामी आन्दोलनकारीको भीडमा हराएपछि दिदीले सानो नानी बोकेर यस्तो भीडमा हिँड्नु हुन्न, उहाँ आउनुहुन्छ भनेपछि हामी कोठामा फर्कियौँ ।



कोठामा फर्किएको केही बेरमै कोठा नजिकै होटल चलाउने दाजुले आएर बहिनी अस्पताल जनुपऱ्यो भन्नुहुँदा उहाँको मनमा चिसो पस्यो । उहाँ सम्झनुहुन्छ, "म त्यसबेला नै बेहोस हुन्छु कि जस्तो भइसकेको थिएँ । मैले के भयो दाजु ? भनेर सोधेँ, उहाँले भाइलाई खुट्टामा गोली लागेको छ, जानुपऱ्यो भन्नुभयो । उहाँले म सम्हालिन्न भनेर झुटो बोल्नुभएको रहेछ । यतिकैमा दिउँसोको ३ बजिसकेको थियो होला । हामी हस्याङफस्याङ गर्दै अस्पताल पुग्दा उहाँलाई शल्यक्रियाको लागि लैजाँदै रहेछन् । उहाँले हातको इसाराले मलाई केही हुन्न मलाई ठीक छ, तिमी जाउ भन्नुभयो ।" श्रीमान्को दायाँ कोखाबाट लागेको गोली बायाँ कोखाबाट निस्किएको थियो भन्ने सुनेपछि उहाँलाई के भयो, केही थाहा छैन् । भोलिपल्ट बिहान ९ बजेतिर उहाँको मृत्यु भयो भनेर डाक्टरहरुले भने त्यसपछि उहाँ मुर्छित हुनुभयो । पछि जेठाजुहरु आएर अस्पतालबाट शव निकालेर पशुपतिमा अन्त्येष्टि गरी सर्लाहीको घरमा काजक्रिया गरेको उहाँ बताउनुहुन्छ । यस घटनापछि टुटेको मन छोरीलाई हेरेर सम्हाल्ने गरेको पार्वतीको भनाइ छ । श्रीमान्ले आफूसँग कठोर दुःख गरेर भए पनि छोरीको भविष्य राम्रो बनाउने सपना देखेको सुनाउने गर्नुभएको उहाँले बताउनुभयो ।

आफूले श्रीमान् गुमाए पनि उहाँको बलिदानी खेर जानु नहुने उहाँको माग छ । "उहाँ जस्ता धेरैको ज्यान गयो," पार्वतीले भन्नुभयो, "उहाँहरुले देशको भ्रष्टाचार र बेथितीविरुद्ध आफ्नो ज्यान दिनुभएको हो । त्यो अन्त्य भए मात्र उहाँहरुको बलिदानीले सार्थकता पाउँछ ।" अब बन्ने सरकारले जेनजीको एजेन्डाअनुसार नै काम गर्नुपर्ने उहाँले मागसमेत राख्नुभयो । जेनजी आन्दोलनमा ज्यान गुमाएकाहरुसँगै पीडित बनेका परिवारको अवस्था बुझेर व्यवस्थापन गर्न राज्यसँग उहाँको अनुरोध छ । "यहाँ एक व्यक्ति मरेको मात्र छैन्," उहाँले भन्नुभयो, "बाआमाको सन्तान खोसिएको छ । श्रीमतीको सिउँदो पुछिएको छ । सन्तान टुहुरा बनेका छन् । राज्यले यति ठूलो क्षतिको नजरअन्दाज गर्न मिल्दैन । यो कसैलाई पद र प्रतिष्ठा प्राप्त गर्न बगेको रगत हैन ।"

श्रीमतीसँगै कलकलाउँदो उमेरको सन्तान वियोगको वेदनाले देवकुमारका ८५ वर्ष उमेर पुगेका बुबा उजिरबहादुर र ६७ वर्षकी आमा यशोदाकुमारी पनि विक्षिप्त हुनुहुन्छ । पाँच छोरा र दुई छोरीका मातापिता उजिरबहादुर र यशोदाको यो दोस्रो सन्तान वियोगको पीडा हो । २०७० सालतिर बिच्छीले टोकाइबाट काइलो छोरा बित्नुभएको पीडा ताजै छ ।

सानैदेखि अति मिलनसार स्वभावका देवकुमारले कक्षा २ सम्मको पढाइ कटारी र एसएलसीसम्मको अध्ययन सिन्धुलीको दुधौलीमा पूरा गर्नुभएको हो । हक्की स्वभावका उहाँ छिट्टै भावनात्मक र आक्रामक हुने गरेका साइला दाजु भानुभक्तले सुनाउनुभयो । जो कोहीसँग पनि छिट्टै घुलमिल हुनसक्ने स्वभावका देवकुमारलाई कार्यालयमा समेत सबैले रुचाउने गरेका उहाँको भनाइ छ । उदयपुर जिल्लाको कटारी नगरपालिका-११, हर्देनी पुर्खौली थातथलो रहेको सुवेदी परिवार आठ वर्षअघि मात्र सर्लाहीको लालबन्दी नगरपालिका-५, मेजरगञ्जस्थित शान्तिटोलमा बसाइँ सरेर आएको हो ।

गत साउनमा कार्यालयको कामले देवकुमार घर आउनुभएको थियो । त्यसबेला भएको भेट नै उहाँका बुबा र आमासँगको अन्तिम भेट भयो । साउन अन्तिममा घर आइपुग्नुभएका देवकुमारले छानो चुहिएको देख्नुभयो । झ्यालमा पल्ला नहुँदा हिउँद् वर्षामा बस्न निकै समस्या भएकाले माघमा आएपछि छानो छाउने र झ्यालमा पल्ला लाउने भनेर जानुभएको बुबा उजिरबहादुर सम्झनुहुन्छ ।

हरेक पटक चुहिने छानो र झ्यालको पल्ला देख्दा छोरोको झझल्को आउने गरेको गहभरि आँसु पार्दै उजिरबहादुरले सुनाउनुभयो । उजिरबहादुर कान सुन्नुहुन्न भने आमा यशोदाको फोक्सोमा समस्या छ । अहिले पनि नियमितजसो उपचारको लागि काठमाडौँ जाने गरेको उहाँले सुनाउनुभयो । कान्छो छोरा बितेपछि पनि उहाँ काठमाडौँ पुग्नुभएको रहेछ तर छोराको सम्झनाले पुरानो ठाउँ र अस्पताल जान सक्नु भएन ।

"यसपटक साइलो छोराले अर्कै अस्पताल खोजेर उपचार गराएर पठायो । यताको सबै कुरा छोराहरुले हेरिरहेका छन् । महिनाको छ/सात हजार रुपैयाँसम्मको औषधि खानुपर्छ," उहाँले भन्नुभयो, "यो उमेरमा कलिला छोरा अघि लाएर बाँच्नु नै हाम्रो लागि ठूलो रोग भयो ।" कान्छो छोराले देशका लागि ज्यान बलिदानी दियो भनेर छिमेकीले सुनाउँदा आफूलाई कोख खाली हुँदै गयो भन्ने चिन्ता लागिरहेको उहाँको दुःखेसो थियो ।

राष्ट्रका लागि ज्यान दिने श्रीमान्को कृति रहनेगरी राज्यले सम्मान गरिदिनुपर्ने पार्वतको माग रहेको छ । सङ्घ सरकारले सहिद घोषणा गरेको भन्दै स्थानीय सरकारले समेत उहाँको योगदानको कदर गर्दै सालिक निर्माण गरिदिन उहाँको आग्रह छ । राज्यले दिने राहतभन्दा पनि आफूहरुका लागि भाइले दिएको बलिदानीको उचित कदर सम्मान नै पीडित परिवारको मल्हमपट्टी हुने साइला दाजु भानुभक्त बताउनुहुन्छ । घटनापछि सरकारले गरेको घोषणअनुसार १५ लाख आर्थिक सहायता दिने निर्णयबमोजिम पीडित परिवारलाई उक्त रकम हस्तान्तरण भइसकेको छ ।रासस

# महोत्तरीमा २५ हजारभन्दा बढी मतदाता थपिए

जलेश्वर । महोत्तरीमा २५ हजारभन्दा बढी मतदाता थपिएका छन् ।जिल्ला निर्वाचन कार्यालयका अनुसार गत असोज ९ गतेदेखि मङ्सिर ५ गतेसम्म फोटोसहितको मतदाता नामावली सङ्कलन कार्यक्रममा २५ हजार २५४ मतदाता थपिएका हुन् ।

कार्यालयमा उपस्थित भएर तीन हजार ९३९ जना पुरुष र दुई हजार ८८९ जना महिला गरी जम्मा छ हजार ८२६ जनाले फोटोसहितको



मतदाता नामावलीमा नाम दर्ता गराएका हुन् । यस्तै, १८ हजार ४२६ जनाले राष्ट्रिय परिचयपत्रको आधारमा अनलाईनमार्फत नामावली दर्ता गराएका जिल्ला निर्वाचन अधिकारी रञ्जिता झाले जानकारी दिनुभयो ।

दश नगरपालिका र पाँच गाउँपालिका गरी १५ वटा स्थानीय तह रहेको महोत्तरीमा चार वटा प्रतिनिधिसभा निर्वाचन क्षेत्र रहेका छन् । आगामी फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा निर्वाचनलाई मध्यनजर गर्दै आयोगले नामावली संकलन गरेको थियो ।रासस


# काठमाडौँ विश्वविद्यालय र साथसाथै फाउण्डेशनबीच समझदारी पत्रमा हस्ताक्षर

काठमाण्डु । काठमाडौँ विश्वविद्यालयको स्कुल अफ साइन्स र साथसाथै फाउण्डेशनबीच जलवायु परिवर्तनलगायत विभिन्न क्षेत्रमा सहकार्य गर्ने सम्बन्धमा एक समझदारी पत्रमा हस्तक्षर भएको छ ।

सोमबार भएको कार्यक्रममा काठमाडौँ विश्वविद्यालय स्कुल अफ साइन्सका डिन प्राध्यापक डा वेदमणि दाहालले वातावरणीय पक्षलाई सामाजिक-आर्थिक दृष्टिकोणसँग जोड्न साथसाथै फाउण्डेशनसँगको सहकार्य अत्यन्त महत्वपूर्ण भएको बताउनुभयो । उहाँले संयुक्त अनुसन्धान डिजाइन तथा कार्यान्वयनलगायत सहकार्यका मुख्य क्षेत्रहरू विस्तृत रूपमा स्पष्ट पानुभयो ।

स्कुल अफ साइन्स उपप्राध्यापक स्मृति गुरुङले दुई पक्ष मिलेर व्यावहारिक समाधानमार्फत जलवायु न्यायका मुद्दा उठाउने सक्ने बताउनुभयो । साथसाथै फाउण्डेशनका उपाध्यक्ष डा सिद्धार्थ बज्र बज्राचार्यले आफूहरुले दिगो पर्यटन प्रवर्द्धन तथा स्थानीय समुदायलाई सशक्त बनाउँदै त्यस क्षेत्रका काम गर्दै आएको र संस्थाले अहिलेसम्म गरेका कामहरुको बारेमा प्रकाश पार्नुभयो ।

साथसाथैका अध्यक्ष प्रजिता कार्कीले आफूहरुले विशेषगरी जलवायु न्यायका स्थानिय विषयलाई अन्तरराष्ट्रिय फोरममा उठाएको उल्लेख गर्नुभयो । साथसाथै फाउण्डेशनले स्थापना कालदेखि नै जलवायु परिवर्तन र वातावरणसँग सम्बन्धित विभिन्न विषयमा खोज, अनुसन्धान, नीति निर्माणमा सहयोग तथा नेपालका एजेण्डालाई अन्तरराष्ट्रियस्तरमा उठाउँदै आएको छ । रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# सीताराम विवाह महोत्सवको शुभकामना

त्रेतायुगमा भगवान शिवको पिनाक धनुष भंग गरी सम्पन्न भएको भगवान सीताराम विवाह महोत्सव जनकपुरधामवासीका लागि महामहोत्सव हो ।आदर्श नारी सीताको शुभविवाहले तत्कालीन समयमा विशिष्ट महत्व भएको दुई राज्य मिथिला र अयोध्याबीच सम्बन्ध स्थापित भएको थियो । त्यो अहिले पनि छ । नेपाल र भारतबीच बेटीरोटीको सम्बन्ध त्रेतायुगकालीन नै हो । नेपालमा आयोजना हुने विभिन्न धार्मिक, सांस्कृतिक महत्वका उत्सवहरु मध्ये सर्वाधिक भीड हुने सीताराम विवाह महोत्सव हो । जानकी मन्दिरले आयोजना गर्ने सात दिवसीय विवाह महोत्सवमा दिनहुँ लाख भन्दा बढी श्रद्धालुहरुको सहभागिता रहने गरेको छ । नेपालका विभिन्न भाग र भारतका विभिन्न प्रान्तबाट ठूलो संख्यामा श्रद्धालुहरु भगवान सीतारामको विवाह महोत्सवमा सहभागी हुन जनकपुरधाम आउने गर्छन् । जनकपुरधाममा हरेक वर्ष सीताराम विवाह महोत्सवको आयोजना गरिन्छ । लाखौं श्रद्धालुहरुको सहभागिता हुने गर्छ । तर जनकपुरधामवासीहरुले त्यसलाई व्यवसायीकरण गर्न सकेका छैनन् । जनकपुरधाम उपमहानगरपालिका, जनकपुरधाम उद्योग वाणिज्य संघ, होटेल व्यवसायी संघ लगायतका व्यवसायिक संघसंस्थाहरुले विवाह महोत्सवबाट अपेक्षित व्यवसायिक लाभ लिन सकेका छैनन् । विवाह महोत्सवमा आउने श्रद्धालुहरुमध्ये अधिकांश खुल्ला चौर अथवा बिभिन्न संघसंस्थाहरुले उपलब्ध गराउने अस्थायी वास स्थानमा बस्छन् । जनकपुरधाममा रहेका धर्मशालाहरुमा निशुल्क सेवा उपलब्ध हुँदैन् ।मेला भर्न आउने अधिकांश श्रद्धालुहरु निम्न आय भएका हुन्छन् ।उनीहरुले आफै भोजनको सामग्री लिएर आउने र राति निशुल्क वास हुने स्थानमा बसेर दर्शनपूजा गरी फर्किने गर्छन् । केही मध्यम वर्गका श्रद्धालुहरु होटेलमा बास बस्छन् । उच्चवर्गका बढी रकम खर्च गर्ने श्रद्धालुहरुको संख्या विवाह महोत्सवमा नगण्य नै हुन्छ । विवाह महोत्सवमा सहभागी हुन आउने श्रद्धालुहरुको संख्या लाखौमा भए पनि व्यवसायिक कारोबार अपेक्षित रुपमा हुँदैन् । सीताराम विवाह महोत्सव हिन्दूहरुको आस्थासित जोडिएको छ । भारतीय पर्यटकहरुलाई नेपाल भित्रिन सीमावर्ती क्षेत्रहरुमा सहजीकरण हुन आवश्यक छ । भारतीय सवारी साधनलाई डेगै पिच्छे चेकजाँचको नाममा अनुचित आर्थिक लाभ लिनु हुँदैन् । त्यस तर्फ सुरक्षा अधिकारीहरुको ध्यानाकर्षण आवश्यक छ । नेपालमा मध्यम र उच्च आर्थिक हैसियत भएका पर्यटकहरु भित्र्याउन समेत जोड गर्नुपर्छ । त्यसका लागि सम्बन्धित निकायहरुले ठोस नीति बनाएर प्रयास गर्नुपर्छ । नेपाल आउने पर्यटकहरुको सरदर बसाई ५ देखि ७ दिन सम्मको हुन्छ । त्यस अवधिमा उनीहरुले नेपालको पोखरा, काठमाण्डु, जनकपुरधाम, लुम्बिनी लगायतका स्थानहरुमा पुग्ने गर्छन् । सीमावर्ती क्षेत्रबाट आउने भारतीय पर्यटकहरु नेपालको सीमा क्षेत्रमा रहेका मठमन्दिरहरुको दर्शन गरी त्यसैदिन फर्किने गर्छन् । उनीहरुले पनि आर्थिक कारोबार सीमित रुपमा गर्छन् । संख्यात्मक रुपमा पर्यटकको संख्या भए जस्तो व्यवसायिक रुपमा उनीहरुसित लाभ लिन सकिएको छैन् । यसतर्फ पर्यटन बोर्डले पनि नीतिगत निर्णयहरु लिन आवश्यक छ । भगवान सीताराम विवाह महोत्सवको अवसरमा सहभागी हुने सम्पूर्ण श्रद्धालु, भक्तजनहरुमा हार्दिक मंगलमय शुभकामना ।

# विवाह पञ्चमी पर्व र यसको साँस्कृतिक महत्व



जनक पोखरेल

**गुठी व्यवस्थाः**

गुठी व्यवस्थाकै कारण नेपालमा हालसम्म पनि धार्मिक / सांस्कृतिक चहलपहल भइरहेको पाइन्छ। गुठी व्यवस्थाले सबै समुदायको सामाजिक, सांस्कृतिक र धार्मिक मूल्य मान्यताको कदर, संरक्षण र सम्मान गर्दै राष्ट्रिय एकता प्रवर्द्धन गर्ने सांस्कृतिक परिभाष्य निर्माण गरेको छ। परम्परागत संस्कृतिको जगेर्ना गरी भाषा र संस्कृतिको मौलिकतालाई अक्षुण्ण राख्दै ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण र सम्बर्द्धन गरी असल संस्कृतिको अभ्यास, सांस्कृतिक सहिष्णुता र सहअस्तित्व मार्फत सामाजिक सद्भाव कायम गर्न गुठी संस्थानले हरदम योगदान पुऱ्याइरहेको हुन्छ। यस्ता सांस्कृतिक धरोहरहरुमध्ये विवाह पञ्चमी एक महत्वपूर्ण पर्व हो। गुठी संस्थानले यस पर्वको साँस्कृतिक जीवन्ततालाई संरक्षण र सम्वर्द्धन गर्दै आएको छ।

**विवाह पञ्चमीको परम्पराः**

विवाह पञ्चमी प्राचीनकालदेखि नै मिथिलावासीहरुले उत्साहपूर्वक मनाउँदै आएकोमा आज पर्यन्त उत्तिकै रौनकताका साथ मनाइँदै आएका छन्। जनकपुरका हरेक सन्ध्या सागरमा आरती गर्ने गरिन्छ, रामायणको स्मरण गरिन्छ अनि आरतीसँगै सीताका महिमाहरु स्मरण गरिन्छ, रामका कीर्तिहरुको यश गाइन्छ। मिथिलाके सियाराम जगतजननी एछ अर्थात् मिथिलाकी छोरी सीता र उनका श्रीमान् राम जगतका जननी हुन् भन्ने लोकोक्ति आज पनि मिथिलाका घरघरमा सुनिन्छ। त्रेता युगमा आजैको दिन अयोध्याबाट राजकुमार राम आएर मिथिला राज्यको राजधानी जनकपुरधाममा राजकुमारी सीतालाई विवाह गर्नुभएको धार्मिक मान्यता विद्यमान रहेको छ। मंसिर शुक्ल पञ्चमी अर्थात् आजैको दिन आदर्श जोडी राम-सीताको विवाह नेपालको जनकपुरधाममा वैदिक सनातन हिन्दू संस्कृति अनुसार भएको मानिन्छ।

सप्ताहव्यापी रुपमा गरिने विवाह उत्सवमा रामजानकी विवाह पञ्चमी महोत्सव, धनुष यज्ञ, तिल्कोत्सव, मटकोर तथा धार्मिक विधि अनुसार पूजा गरी विधिवत रुपमा विवाह पञ्चमी महोत्सव समापन गरिन्छ। त्यही भएर जो कसैले पनि विवाह पञ्चमीका दिन विवाह गर्दा साइत हेर्नु नपर्ने पौराणिक मान्यता रहँदै आएको छ। जनकपुरलाई सीताको जन्मस्थल मानिन्छ। सीता अर्थात् जानकी रामायणकी मुख्य पात्र हुन्। सीता मिथिला राज्यका अधिपति राजा जनककी जेठी सुपुत्री हुन्। राम अयोध्याका राजा दशरथका ज्येष्ठ सुपुत्र हुन्। सीता नेपाल भूमिकी पुत्री पनि हुन्। आदर्शपत्नी, आदर्शमाता, आदर्श भाउजू, आदर्श बुहारी, आदर्श महारानी र समग्रमा आदर्श नारीको उदाहरणका रुपमा सीतालाई लिने गरिन्छ। सीतालाई सत्चरित्रता, नारीत्व, मातृवात्सल्य र करूणाका खानीका रुपमा सम्मान गरिन्छ। राजा जनकले संरक्षण गरिराखेको शिव धनु जो ठूल्ठूला वीरहरुले पनि उचाल्न सकेनन्, सीताले उक्त धनु पूजाकोठाको सरसफाईका बेला एक्लै वरपर सार्ने गर्थिन्। त्यो देखेर नै राजा जनकले शिव धनुमा ताँदो चढाउन सक्ने वीर पुरुषसँग मात्रै सीताको स्वयंवर गर्ने वाचा गरेका थिए। त्यही शिव धनुष अयोध्याका राजकुमार रामले उचाल्ने क्रममा भाँचिएपछि सीता र रामको विवाह धुमधामका साथ सम्पन्न भएको थियो। त्यही बेलादेखि विवाह पञ्चमी उत्सव मनाइँदै आएको हो। सीताका बहिनीहरु उर्मिला, माण्डवी र श्रुतकीर्तिको पनि रामका भाईहरु लक्ष्मण, भरत र शत्रुघ्नसँग विवाह भएको थियो। यो विवाह महोत्सव अपरान्हको समयमा आयोजना गरिन्छ तर विहानैदेखि रामजानकी मन्दिरसहित मिथिला क्षेत्रका अन्य मन्दिरहरुमा दर्शनार्थीहरुको भीड लाग्ने गर्दछ। पर्वका अवसरमा बाजागाजा, झाँकी, भजनकीर्तन र नाचगान गरिन्छ भने जन्ती र डोला हेर्न भक्तजनहरुको अत्यधिक घुइँचो लाग्ने गर्दछ। राम र सीताको स्वयंवर सकिएपछि दुलाहा र दुलहीलाई बोकी ल्याइएका रथहरुलाई बाजागाना सहित जनकपुर नगर परिक्रमा गरेर जानकी मन्दिर क्षेत्रमा पुगेर अन्त्य गरिन्छ।

यस वैवाहिक समारोहको पूर्वाङ्गस्वरूप मार्गशुक्ल द्वितीया तिथिका दिन मित्रराष्ट्र भारतको अयोध्याबाट साधु सन्तहरू समेतको एउटा जन्तीको डफ्फा (बाराती समूह) लाई जनकपुरधाम आइपुग्दा भव्य स्वागत गर्ने गरिन्छ। अयोध्याबाट आउने जन्ती समूहलाई यसअघि नै नेपाली सीमामा प्रवेश गर्नासाथ मटिहानी, जलेश्वर, पिपरा, लादोबेला र जनकपुरधाममा भव्य तथा हार्दिक स्वागत र अभिवादन गर्ने परम्परा छ। यस अवसरमा दुई दिनपूर्व नै तृतीया तिथिमा राम मन्दिरमा जानकी मन्दिरबाट साधु सन्त र नगरका प्रमुखजनहरूको उपस्थितिमा तिलकोत्सव (कुरा छिन्ने काम, वाग्दान) सम्पन्न हुन्छ। त्यसको भोलिपल्ट चतुर्थी तिथिको सन्ध्यामा मिथिला परम्परा-अनुसार गङ्गासागरमा पुगेर कन्यापक्षका तर्फबाट गरिने 'मटकोर' कर्म निर्वाह गरिन्छ। पञ्चमी तिथिमा राम मन्दिरबाट श्री रामचन्द्रको डोला बाजागाजाका साथ नगरपरिक्रमा गर्दै रङ्गभूमि मैदानमा पुग्दछ। त्यहाँ पहिलेदेखि नै जानकी मन्दिरबाट जानकी माताको मूर्ति सुसज्जित मण्डपका साथ मन्दिरका महन्त, साधुसन्त र समाजका प्रबुद्ध नागरिक सम्मिलित सरियाती दल (घरगाउँले समूह वा माइती पक्ष) द्वारा स्वागत अभिवादनका साथै राम मन्दिरबाट पुगेको डोलालाई जानकी मन्दिरबाट पुऱ्याइएको मण्डपद्वारा पाँच पटक परिक्रमा गराएर श्रीरामचन्द्रलाई पुष्पहार अर्पण गरिन्छ। राम मन्दिरबाट पुगेको मण्डपबाट महन्थले जानकीजीलाई माला लगाई आरती पूजनपछि स्वयम्बर पूरा हुन्छ। त्यसपछि राम मन्दिरको मण्डप अगाडि राखेर सबै पछिपछि लाग्दछन् र जानकी मन्दिर पुऱ्याएर आरती पूजन गरिन्छ। राम मन्दिरको डोला लावा लस्करका साथ राम मन्दिर फर्कने गर्दछ भने त्यसै रात मिथिला परम्परा-अनुसार भगवान् रामचन्द्र र माता जानकीको वैवाहिक कार्यक्रम सम्पन्न हुन्छ। आजको दिन पौराणिक रुपमा विवाहमैत्री दिन हो। आजको दिन विवाह गर्नका लागि साईत देखाउन पर्दैन।



सीता र रामको विवाहपश्चातको रामायणको कथा त हामीमध्ये धेरैलाई थाहै छ। रामसँगै वनवास गएकी सीता एक आदर्श पत्नी र देवीका रुपमा पूजिने महिला हुन् भने रामलाई आदर्श पुरुष र मर्यादा पुरुषोत्तमका रुपमा चिनिन्छ। २४ हजारवटा पंक्ति, ५ सयवटा अध्याय र सात वटा खण्ड भएको ठूलो खण्डकाब्य रामायण यिनै राम र सीताको जीवनका आरोह अवरोहको कथा हो। रत्नाकर डाँकुबाट सन्त बनेका वाल्मिकी ऋषिले लिपिवद्ध गरेको रामायण नेपाल र भारत बाहेक श्रीलङ्का, थाइल्याण्ड, कम्बोडिया, मलेसिया र ईण्डोनेसियामा एकदमै प्रचलित छ। रामायणका यिनै पंक्तिहरुलाई वाल्मिकी ऋषिले रामका पुत्रहरु लव र कुशलाई कण्ठस्त गराएका थिए। रामायणकै पंक्तिहरु सुनेपछि रामले आफ्ना छोराहरुलाई ठम्याएका थिए। सीताको अग्निपरीक्षापछि रामायणले फरक कोण र मोड लिएको छ। नारी पुरुषको महत्व, समानता, पारिवारिक दायित्व, राज्य नीतिहरु अनि मर्यादाका पाठहरु सिकाएर रामायणले मानव समुदाय र सभ्यतालाई ठूलो गुण लगाएको छ। जसले समाजलाई मर्यादित र सामाजिक सहिष्णुतामा रहन सिकाएको पाइन्छ। यस्तो गरिमामय तथा महत्वपूर्ण पर्व सञ्चालनको लागि गुठी संस्थानले प्रमुख भूमिका खेलिरहेको छ। विवाहपञ्चमी पर्वको सञ्चालन र ब्यवस्थापनको संयोजन गुठी संस्थानबाट हुँदै आएको छ। संस्थान मातहतका विभिन्न मठ मन्दिरहरुले पर्वमा सहभागी हुने साधु, सन्त, अतिथि, अभ्यागतहरुको स्वागत गर्ने, बसोबास तथा भण्डारा लगायतको बन्दोबस्त गर्ने कार्य गर्दै आइरहेका छन्। यस्ता पर्वपूजा तथा साँस्कृतिक पर्वहरुको जीवन्तताका लागि गुठी परम्पराको आवश्यकता टड्कारो देखिन्छ।

**विवाह पञ्चमीको महत्वः**

विवाह पञ्चमी पर्व धर्म र संस्कृतिको अनुपम मिश्रणको अनुभूति गराउने एक पर्व हो। संस्कृति देश, काल र परिस्थिति सापेक्ष हुन्छ तर धर्म यी सबैभन्दा माथि उठेको हुन्छ। संस्कृतिलाई क्रियाकलापपरक मान्न सकिन्छ भने धर्म अनुभूतिपरक हुन्छ। संस्कृति समाज र इतिहासका विविध पक्षहरुको सँगालो हो भने धर्म शाश्वत मूल्य, मान्यता र चिन्तनको विशाल पुञ्ज हो। यसरी गहिरिएर हेर्दा धर्म भनेको सेवा, प्रेम, सहिष्णुता, शान्ति, सहअस्तित्व, अहिंसा, सदाचार आदि हो। त्यसैले पूर्वीय चिन्तकहरुले "सेवा हि परमो धर्मः", "अहिंसा परमो धर्मः", "आचारः परमो धर्मः" जस्ता आदर्श वाक्यहरुबाट धर्मको व्याख्या गरेका छन्। यी दुवैको संगम र उत्थान विवाह पञ्चमीसँग जोडिएको छ। विवाह पञ्चमी पर्वले मिथिला क्षेत्रको पहिचानलाई उजागर गराउँदछ, प्राचीन पौराणिक महाविवाहको सम्झना गराउँदछ। पौराणिक ग्रन्थहरुका अनुसार भगवान राम तथा देवी सीता भगवान विष्णु तथा देवी लक्ष्मीका अवतार हुन्। दुबैले समाजमा आदर्श तथा मर्यादित जीवनलाई उदाहरणीय बनाउनका लागि मानवको अवतार लिएका थिए। त्यसैले यसको आदर्श जीवनयापनका रुपमा महत्व रहेको छ। राम र सीतालाई नेपाली जनमानसमा प्रेम, समर्पण, मूल्य, मान्यता तथा आदर्शको परिचायक श्रीमान्-श्रीमतीको रुपमा लिने गरिन्छ। नारी पुरुषको महत्व, समानता, पारिवारिक दायित्व, राज्य नीतिहरु अनि मर्यादाका पाठहरु सिकाएर रामायणले मानव समुदाय र सभ्यतालाई ठूलो गुण लगाएको छ। आदर्श पुरुष र मर्यादा पुरुषोत्तम कस्तो हुनुपर्दछ भन्ने लगायतका विषयहरुको महत्व राख्दछ। जसले समाजलाई मर्यादित जीवनयापन समाजमा सदस्यहरू बीच पारस्परिक मित्रता, सहयोग, भावनात्मक सम्बन्ध कायम रहने नारी पुरुषको महत्व पारिवारिक दायित्व लगायतको सामाजिक सहिष्णुता कायम गराउँदछ।

जानकी मन्दिर गुठी राजगुठी अन्तर्गत छुटमा सञ्चालित गुठी संस्थानले रेखदेख, नियन्त्रण र व्यवस्थापन गरिआएको गुठी हो। उक्त गुठी सञ्चालन तथा व्यवस्थापनको लागि गुठी संस्थानले प्रचलित कानून बमोजिम अवधि तोकी महन्त नियुक्ति गर्ने परम्परा रहेको छ। जानकी मन्दिरका धार्मिक सांस्कृतिक कार्यहरु अवरुद्ध हुन नदिई साविक परम्परा बमोजिम अविछिन्नरुपमा सञ्चालन गर्न तथा महन्तको प्रशासनिक कार्यमा आवश्यक सहायता सहित धार्मिक परम्परा बमोजिम दीक्षित भई भविष्यमा महन्त पद सम्हाल्न सक्ने गरी गुठी संस्थानबाट एकजना उत्तराधिकारी महन्त नियुक्त गर्न सकिने कानूनी व्यवस्था रहेको छ। यसै अनुरुप जानकी मन्दिर गुठी सञ्चालन भइआएको छ। गुठी संस्थानले समय समयमा गुठीका धार्मिक कार्यहरु साविक परम्परा बमोजिम भए/नभएको, भगवानका गरगहना तथा मूल्यवान् सम्पत्ति संरक्षण भए/नभएको, जग्गा जमिन, पोखरी लगायतका जिन्सी सम्पत्ति हिनामिना भए/नभएको सम्बन्धमा गुठी संस्थान, शाखा कार्यालय जनकपुर र प्रधान कार्यालयले समेत अनुगमन गरी संरक्षण, व्यवस्थापन तथा निर्देशन दिने कार्य गरिआएको छ। श्रीका सम्पत्ति तथा धार्मिक कार्यहरु खण्डित हुन नदिन गुठी संस्थान सचेत रहेको छ। अन्य पर्वहरुमा जस्तै हरेक वर्ष मनाइने विवाह पञ्चमी पर्वमा समेत गुठी संस्थानको तर्फबाट उच्च पदस्थ पदाधिकारी सहित उल्लेख्य संख्यामा कर्मचारीहरुको सहभागिता रहने गर्दछ। गुठी संस्थानबाट विवाह पञ्चमी पर्वलाई भव्यतापूर्वक सम्पन्न गर्न हरदम प्रयत्न भई आएको छ।

अतः धार्मिक सहिष्णुता, राष्ट्रिय एकता, सामाजिक सद्भाव एवं भावनात्मक एकता सामाजिक न्याय, सुशासन कायम गर्दै सामाजिक सद्भाव, आपसी अन्तर्घुलन कायम गरी राष्ट्रिय लक्ष्य हासिल गर्न र समृद्धिको दिशामा अगाडि बढ्न गुठी परम्पराले महत्वपूर्ण योगदान पुऱ्याइरहेको हुँदा यस्ता सम्पदा एवं मूल्य मान्यताको जगेर्ना एवं निरन्तरताको सुनिश्चित गर्नु आजको आवश्यकता हो। सीता अनि रामका कहानी र कथनहरु सदियौंसम्म चलिरहोस्। यस वर्षको बिवाह पञ्चमीको सबैमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु।

# प्रतिजैविक प्रतिरोध एक गम्भीर विश्वव्यापी जनस्वास्थ्य समस्या



डा.संजीव कुमार ठाकुर

के होला जब बिरामीभई अस्पताल भर्ना भएको अवस्थामा डाक्टरले तपाइलाई लागेको रोगमा प्रयोगहुने औषधिहरु मध्ये कुनै काम गरेन भनेर भन्दा र मृत्यु पश्चात पनी ति रोग लगाउने सुक्ष्मजिव जीवित रहदै आफ्नो बंश बृधि गर्दै अन्य मानिसहरु लाई शिकार बनाउदै गरे भन्ने, यो कुनै कल्पना होइन, अहिले विश्वमा यसको ठुलो त्रास बढ्दै गएको छ। त्यसैले हाम्रो पुस्ता र भावी पुस्ता का लागी गम्भीर भएर सोच्ने बेला आएको छ। त्यसैले होला यसपाली को विश्व एन्टिमाइक्रोबियल रेसिस्टेन्स (ब्ःच)सचेतनाको नारा प्रतिजैविक प्रतिरोध रोकथाममा ❑आजैवाट जुटौ-हाम्रो वर्तमान जोगाऔ, भविष्य सुरक्षित पारौ" भन्ने छ।

एन्टिमाइक्रोबियल प्रतिरोध वा प्रतिजैविक प्रतिरोध एक गम्भीर विश्वव्यापी जनस्वास्थ्य समस्या हो। एन्टिबायोटिक, एन्टिभाइरल, एन्टिफंगल वा एन्टिप्यारासाइटिक औषधिहरूले ब्याक्टेरिया, भाइरस, फङ्गस, परजीवी मार्न नसक्ने अवस्था हो। यसले गर्दा सामान्य संक्रमणहरू पनि घातक बन्न सक्छन्। नेपालमा पनि यो समस्या दिनानुदिन बढ्दै गइरहेको छ। यो समस्या केवल मानव स्वास्थ्य क्षेत्रको मात्र नभई पशु स्वास्थ्य, कृषि र वातावरणसँग प्रत्यक्ष जोडिएको एक जटिल मुद्दा हो। मानिस र जनावरहरूले एउटै प्रकारका एन्टिबायोटिक्स प्रयोग गर्ने भएकाले, पशुहरूमा विकसित भएको प्रतिरोध क्षमता सजिलै मानिसमा सर्न सक्छ।

एन्टिमाइक्रोबियल औषधिहरूले काम गर्न छोड्ने अवस्था समयसँगै स्वाभाविक रूपमा पनि विकास हुन्छ। तर मानव तथा पशुपालन क्षेत्रमा अनावश्यक, गलत मात्रामा, गलत अवधिमा तथा अव्यवस्थित रूपमा औषधि प्रयोगका कारण यो प्रतिरोध अत्यन्तै छिटो फैलिरहेको छ। नेपाल जस्ता विकासशील देशहरूमा स्वास्थ्य-सेवा पहुँच सीमित हुनु, औषधि सजिलै उपलब्ध हुनु, अनियन्त्रित प्रयोग तथा जनचेतनाको कमीले समस्या अझ जटिल बन्दै गएको छ।

**प्रतिजैविक प्रतिरोधले पार्ने प्रभावहरू**

मानव स्वास्थ्य, पशु स्वास्थ्य, खाद्य सुरक्षा र अर्थतन्त्रमा बहुआयामिक नकारात्मक प्रभाव पार्छः

**मानव स्वास्थ्य**

सामान्य मानिएका निमोनिया, पिसाब संक्रमण, सेप्सिस जस्ता रोगहरूको उपचारमा प्रयोग हुने पहिलो र दोस्रो तहका एन्टिबायोटिक्सले काम गर्न छाड्छन्।संक्रमणका कारण बिरामीहरू लामो समयसम्म अस्पतालमा बस्नुपर्ने हुन्छ, जसले गर्दा मृत्युदर पनि बढ्छ। एन्टिबायोटिक्सको प्रभावकारीता बिना क्यान्सरको केमोथेरापी, अंग प्रत्यारोपण र हिप रिप्लेसमेन्ट जस्ता आधुनिक चिकित्सा प्रक्रियाहरू अत्यन्तै जोखिमपूर्ण हुन्छन्। प्रतिरोधी संक्रमणको उपचारका लागि महँगो र नयाँ औषधिको आवश्यकता पर्छ।

**पशु स्वास्थ्य, खाद्य सुरक्षा**

सामान्य संक्रमणहरू पनि दीर्घकालीन र गम्भीर बन्छन्। यसले रोग प्रतिरोध क्षमता घटाउँछ र दूध, मासु र अण्डा उत्पादन घटाउँछ, मृत्यु दर बढाउँछ।पशुपालनमा प्रयोग भएको एन्टिबायोटिक मल, पानी वा फोहोर मार्फत वातावरणमा पुग्छ। यसले वातावरणमा प्रतिजैविक प्रतिरोध को विकासमा योगदान पुऱ्याउँछ।

प्रतिरोधी ब्याक्टेरियाहरू खाद्यान्न (मासु, दूध) र वातावरण (मल, पानी) मार्फत मानिसमा सर्न सक्छन्।

**पशु चिकित्सकहरूको भूमिका**

प्रतिजैविक प्रतिरोध नियन्त्रण गर्न पशु चिकित्सकहरूको भूमिका अपरिहार्य छ। पशु स्वास्थ्यको मात्रै नभई मानव स्वास्थ्य र खाद्य सुरक्षाको क्षेत्रमा पनि महत्त्वपूर्ण योगदान दिन सक्छन्।

पशु चिकित्सकहरूको प्रमुख जिम्मेवारीमध्ये एक हो–प्रतिजैविकको सही, आवश्यक र सुरक्षित प्रयोग सुनिश्चित गर्नु। रोग पहिचानपछि मात्र उचित औषधि सिफारिस गर्ने, अनावश्यक वा अत्यधिक प्रतिजैविक प्रयोग रोक्ने। सम्भव भएसम्म प्रयोगशालामा कल्चर (Culture and Sensitivity Test) गरी कुन औषधिले काम गर्छ, सोही मात्र प्रयोग गर्नुपर्छ। भाइरल रोगहरू मा एन्टिबायोटिक प्रयोग गर्नु हुँदैन। औषधिको सही मात्रा र पूरा अवधिसम्म प्रयोग गर्न निर्देशन दिनु पशु चिकित्सकको कर्तव्य हो। मानिसको जीवन बचाउन प्रयोग हुने महत्त्वपूर्ण एन्टिबायोटिक्सहरू लाई पशुपालनमा प्रयोगमा पूर्ण रूपमा बन्द गर्नुपर्छ। उपचार भन्दा रोकथाम राम्रो" भन्ने उखान एन्टिमाइक्रोबियल प्रतिरोध नियन्त्रणमा चरितार्थ हुन्छ। पशु चिकित्सकले फार्महरूमा रोग लाग्नै नदिने वातावरण सिर्जना गर्न मद्दत गर्नुपर्छ।फार्ममा सरसफाइ, कीटाणुनाशक प्रयोग, बाहिरी मानिस वा जनावरको प्रवेशमा नियन्त्रण जस्ता बायोसेक्युरिटीका उपायहरू लागू गर्न पशु चिकित्सकले किसानलाई सिकाउनुपर्छ।नियमित र प्रभावकारी खोपले पशुहरूलाई रोग लाग्नबाट बचाउँछ, जसले गर्दा एन्टिबायोटिकको आवश्यकता स्वतः कम हुन्छ।

स्वस्थ आहार, स्वच्छ पानी र उपयुक्त बासस्थानले पशुहरूको रोग प्रतिरोधात्मक क्षमता बढाउँछ, जसको लागि पशु चिकित्सकको परामर्श महत्त्वपूर्ण हुन्छ।

पशु चिकित्सकहरूले कुन रोगमा कुन एन्टिबायोटिक कति मात्रामा प्रयोग भइरहेको छ र कुन औषधिले काम गर्न छाड्यो भन्ने तथ्याङ्क सङ्कलन गरी सरकारी निकायमा रिपोर्ट गर्नुपर्छ। यसले राष्ट्रिय योजना बनाउन मद्दत गर्छ। प्रयोगशालाहरूसँग समन्वय गरी प्रतिरोध क्षमताको स्तर मापन गर्नुपर्छ।

एन्टिबायोटिकको खतरा, सही प्रयोग विधि र वैकल्पिक उपायहरू बारे किसानहरूलाई नियमित तालिम दिनुपर्छ। मासु र दूधको माध्यमबाट सर्न सक्ने जोखिमबारे उपभोक्ताहरूलाई सचेत गराउनुपर्छ (जस्तैः दूध उमालेर मात्र खाने, मासु राम्ररी पकाएर खाने)।सरकारलाई एन्टिबायोटिक प्रयोग सम्बन्धी कडा नीति र कानुन बनाउन प्राविधिक सहयोग र सुझाव दिनुपर्छ।

**निष्कर्षः**

एन्टिमाइक्रोबियल रेसिस्टेन्स (ब्ःच) एक अदृश्य महामारी हो। जसले मानव र पशु स्वास्थ्य दुवैलाई उत्तिकै खतरामा पारेको छ। यसको नियन्त्रणका लागि पशु चिकित्सकहरूको भूमिका महत्त्वपूर्ण छ। एन्टिबायोटिकको विवेकपूर्ण प्रयोग सुनिश्चित गरेर, संक्रमण रोकथामका उपायहरू अपनाएर र किसानहरूलाई शिक्षित गरेर यो विश्वव्यापी चुनौतीसँग जुध्न महत्त्वपूर्ण योगदान दिन सक्छन्।"औषधि होइन, व्यवस्थापनले पशु स्वस्थ बनाउँछ" भन्ने सोचसँगै सामूहिक रूपमा अभियान चलाउन आवश्यक छ।

नेपाल जस्तो कृषिप्रधान देशमा जहाँ पशुपालनको महत्त्व धेरै छ, त्यहाँ पशु चिकित्सकहरूको सक्रियता बिना ब्ःच नियन्त्रण असम्भव छ। सबै सरोकारवालाहरूले "वन हेल्थ" अवधारणालाई व्यवहारमा लागू गर्दै अघि बढेमा मात्र भावी पुस्ताका लागि प्रभावकारी औषधिको उपलब्धता सुनिश्चित गर्न सकिन्छ।

# सरकारद्वारा विशेष आर्थिक क्षेत्र मापदण्ड खारेज, भाडादर मासिक रु ५ कायम



काठमाण्डु । नेपाल सरकारले भैरहवास्थित विशेष आर्थिक क्षेत्र सञ्चालन मापदण्ड तथा कार्यविधि, २०७१ खारेज गर्ने निर्णय गरेको छ। सोमबारको मन्त्रिपरिषद् बैठकले विशेष आर्थिक क्षेत्रको मासिक भाडादर प्रतिवर्गमिटर रु २० बाट घटाएर रु ५ कायम गर्ने निर्णय गरेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री महाबिर पुनले जानकारी दिनुभयो।


बैठकले युरोपियन युनियनको 'ग्रीन एण्ड रिलाइबल इनर्जी फर इकोनोमिक प्रोस्परिटी इन नेपाल' परियोजनाका लागि २३ दशमलव ५८ मिलियन युरो बराबरको सहयोग स्वीकार गर्ने निर्णय पनि गरेको छ । त्यसैगरी, सरकारले विद्युत् नियमन आयोगलाई 'साउथ एसिया फर इन्फ्रास्टक्चर रेगुलेशन' को सदस्यता लिन स्वीकृति प्रदान गरेको मन्त्री पुनले बताउनुभयो।

नेपाल प्रहरीको हाल कायम रहेको स्वीकृत दरबन्दीभित्र नै केही कार्यालयका पद मिलान तथा दरबन्दी थपघट गर्न समेत बैठकले स्वीकृति दिएको छ। यसका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति गठन गरी कार्य प्रारम्भ गर्ने निर्णय भएको छ।

गत भदौ २३ र २४ का जेनजी आन्दोलनका घाइतेको उपचार तथा राहतका व्यवस्था गर्ने, सरकारद्वारा सञ्चालनमा रहेको सहायता कक्षमा सह-सचिव तथा उप-सचिवबाहेक १० जना स्वयंसेवक खटाउने र उनीहरूलाई चार महिनासम्म मासिक रु १५ हजारका दरले खाजा खर्च उपलब्ध गराउने निर्णय पनि बैठकले गरेको छ।

बैठकले प्रहरी नायब महानिरीक्षक ईश्वर कार्कीलाई प्रहरी अतिरिक्त महानिरीक्षकमा बढुवा गर्ने निर्णय गरेको छ । साथै 'भूमिसम्बन्धी अध्यादेश, नवौँ संशोधन २०२२' जारी गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरिएको छ ।आर्थिक वर्ष २०८२/८३ मा वन तथा वातावरण मन्त्रालयअन्तर्गत सञ्चालन हुने संरक्षित क्षेत्र तथा जैविक मार्गका एकीकृत भू-परिधि आयोजना लगायतका कार्यक्रमका लागि अधिकृत तहका ३७ दरबन्दी स्वीकृत गर्ने निर्णय पनि सरकारले गरेको छ ।रासस

# 'अब आउने संसद्को बैठक नयाँ भवनबाटै बस्ने गरी काम भइरहेको छ'



"अब आउने सांसदले नयाँ संसद् भवनमै पहिलो बैठक बस्नुपर्छ भनेर लागिपरेका छौँ । अनुगमन संयन्त्र बनाएर नियमित रूपमा कामको मूल्याङ्कन भइरहेको छ । निर्माण पक्ष र कन्टलटेन्टहरूसँग निरन्तर जानकारी लिएर सुझावका आधारमा काम गराइरहेका छौँ ।"

काठमाण्डु । सहरी विकासमन्त्री कुलमान घिसिङले आगामी फागुन २१ मा हुने प्रतिनिधिसभा निर्वाचनपछिको पहिलो बैठक बस्ने गरी सिंहदरबारमा निर्माणाधीन सङ्घीय संसद् भवनको कामलाई तीव्रता दिइएको जनाउनुभएको छ।

राष्ट्रियसभा, सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको बैठकमा सोमबार उहाँले संसद् भवनको प्रगतिबारे जानकारी गराउँदै तीव्रताका साथ काम भइरहेको बताउनुभएको हो।

मन्त्री कुलमान घिसिङले भन्नुभयो,"अब आउने सांसदले नयाँ संसद् भवनमै पहिलो बैठक बस्नुपर्छ भनेर लागिपरेका छौँ । अनुगमन संयन्त्र बनाएर नियमित रूपमा कामको मूल्याङ्कन भइरहेको छ। निर्माण पक्ष र कन्टलटेन्टहरूसँग निरन्तर जानकारी लिएर सुझावका आधारमा काम गराइरहेका छौँ।"

मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देलले १२ वटा भवनमध्ये अधिकांशको 'सिभिल वर्क' पूरा भइसकेको र भवनको भित्री सजावटको काम भइरहेको बताउयनुभयो । उहाँका अनुसार त्यसको भौतिक प्रगति करिब ३० प्रतिशत सम्पन्न भएको छ । 'कन्फ्रेन्सिङ' प्रणालीको करिब ७० प्रतिशत काम पूरा भएको छ । हालसम्म सङ्घीय संसद् भवनको समग्र ८७ प्रतिशत मात्र सम्पन्न भएको छ।

निर्माणाधीन उक्त भवनको विसं २०७६ असोज १ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले शिलान्यास गर्नुभएको थियो। १५१ रोपनी जग्गामा १२ वटा भवन निर्माण भइरहेका छन्।

हाल 'फिनिसिङ' र 'मेकानिकल इलेक्ट्रिकल' प्रणाली जडानको काम तीव्र गतिमा भइरहेका छन् । एउटाबाहेक सबै भवनको छाना जडान सकिएको छ। संसद् भवनको डोम क्षेत्रमा निर्माण जारी रहेको र एक महिनाभित्र डोमको माथिल्लो सिलिङ पूरा हुने सचिव सिग्देलले जानकारी दिनुभयो । "फ्लोर-सिलिङ, एलुमिनियम विन्डोज, पेन्टिङ, स्यानिटरी,फायरफाइटिङ,इलेक्ट्रिकल, हिटिङ-भेन्टिलेसनलगायत काम एकसाथ अगाडि बढाइएको छ । बाहिरी संरचनामा बगैँचा, भित्री सडक बनाउने काम भइरहेको छ", उहाँले भन्नुभयो,"निर्माण व्यवसायीको नगद प्रवाहमा केही समस्याका कारण निर्माणमा ढिलाइ भएको छ। यसका अतिरिक्त परियोजना अत्यन्तै ठूलो तथा जटिल छ। निर्माणस्थल सेनाबाट चरणबद्ध रूपमा हस्तान्तरण हुन ढिलाइ भएकाले निर्माण ढिलाइ भएको हो।"

सचिव सिग्देलले भवनमा जडान हुनुपर्ने धेरै सामग्री तथा 'कन्फ्रेन्सिङ-सेक्युरिटी' प्रणाली विदेशबाट आयात गर्नुपर्ने र भारतीय प्राविधिक तथा कामदार अभावले पनि समस्या थपेको धारणा राख्नुभयो। करिब रु एक अर्बभन्दा बढी लागतको उपकरण परीक्षण भइरहेको उहाँले बताउनुभयो।

चैत वैशाखमा सञ्चालन गर्ने गरी निर्माण कार्य अघि बढाउनुपर्नेमा मन्त्रालयले जोड दिँदै आएको छ । तोकिएको समयमा निर्माण सम्पन्न नभएपछि पाँचौँ पटकका लागि यही वर्षको पुससम्मका लागि म्याद थप गरिएको थियो।

नयाँ सङ्घीय संसद् भवन नहुँदा २०६४ पछि सरकारले नयाँ बानेश्वरको अन्तरराष्ट्रिय सम्मेलन केन्द्रलाई भाडामा लिएर प्रयोग गर्दै आएको थियो। 'जेनजी' प्रदर्शनका क्रममा उक्त भवन क्षतिग्रस्त भएपछि नयाँ भवन निर्माणलाई प्राथमिकताका साथ अघि बढाइएको मन्त्रालयले जनाएको छ।

**विद्युत् सम्झौतामा घाटा भएको छैन**

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री कुलमान घिसिङले भारतसँग विद्युत् खरिद गर्दा घाटा नभएको बताउनुभएको छ।

राष्ट्रियसभाअन्तर्गतको सार्वजनिक नीति तथा प्रत्यायोजित व्यवस्थापन समितिको बैठकमा मन्त्री घिसिङले भारतसँग ऊर्जा व्यापारका लागि द्विपक्षीय सम्झौता भएपछि सस्तो मूल्यमा विद्युत् खरिद भइरहेको स्पष्ट पार्नुभयो।

"भारतसँग द्विपक्षीय सम्झौता नभएको भए प्रतियुनिट आठ रुपैयाँ १० पैसामा विद्युत् किन्नुपर्ने बाध्यता थियो, सम्झौतापछि प्रतियुनिट छ रुपैयाँ ९५ पैसामा विद्युत् खरिद भइरहेको छ, यसबाट करिब रु एक अर्ब २० करोड बचत भएको छ।" सोही सम्झौताअनुसार भारतबाट १८० मेगावाट विद्युत् खरिद भइरहेको उहाँले बताउनुभयो।

त्यस अवसरमा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक मनोज सिलवालले जाडोयाममा आपूर्ति सुनिश्चित गर्न भारतबाट विद्युत् आयात अपरिहार्य भएको बताउनुभयो।

**विकास निर्माणमा बजेट रोक्का मुख्य अवरोध**

ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात तथा सहरी विकासमन्त्री कुलमान घिसिङले चालु आर्थिक वर्षको पहिलो त्रैमासिकमा विकास खर्च कम देखिनुको मुख्य कारण सरकारी बजेट रोक्का भएको बताउनुभएको छ।

राष्ट्रियसभाको सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको सोमबारको बैठकमा मन्त्री घिसिङले तीन मन्त्रालयअन्तर्गत मात्र रु एक खर्ब ९५ अर्ब बराबरको बजेट रोक्का हुँदा अधिकांश काम प्रभावित भएको स्पष्ट पार्नुभयो । उहाँले सहरी विकास मन्त्रालयमा मात्र करिब रु ६१ अर्ब बजेट रोक्का भएको उल्लेख गर्दै प्रगति कम देखिएको बताउनुभयो । पहिलो त्रैमासिकमा देखिएको प्रगति बजेट रोक्काको अवस्थामा सकारात्मक रुपमा लिनुपर्ने उहाँको भनाइ थियो।

"रोक्का भएको बजेट घटाएर हेर्ने हो भने प्रगति प्रतिशत २० प्रतिशतभन्दा माथि पुग्छ। अहिले देखिएको कम खर्च वास्तविक कमजोरी होइन, रोकिएको बजेटकै प्रभाव हो," मन्त्री घिसिङले भन्नुभयो, "पहिलो त्रैमासिकमा प्रगति सधैँ कम हुन्छ । त्यो माथि पनि यसपालि जेनजी आन्दोलनका कारणले धेरै प्रोजेक्टमा अगाडि बढ्न समस्या भयो।"

बजेट रोक्कापछिको दोस्रो ठूला अवरोध जेनजी आन्दोलन र विभिन्न परियोजनास्थलमा काम बन्द हुनु रहेको मन्त्री घिसिङले बताउनुभयो। यस्तै, कामै नगर्ने निर्माण व्यवसायीलाई कडाइका साथ कारबाही थालिएको उहाँले जानकारी दिनुभयो । दुई सय ६९ परियोजना ठेक्का तोड्ने प्रक्रियामा अहिलेसम्म ४९ ठेक्का आधिकारिक रूपमा भङ्ग गरिएको उहाँले समितिलाई जानकारी दिनुभयो । केही योजना जथाभावी राखिएको स्वीकार गर्दै मन्त्री घिसिङले त्यस्ता बजेट कटौती गर्न आफू सहमत रहेको बताउनुभयो । उहाँले त्यस्ता बजेट कटौती गरी जुम्ला, हुम्लालगायत ठाउँमा अत्यावश्यक पुल तथा जीवनरक्षाका पूर्वाधारलाई फुकुवा गर्नुपर्ने बताउनुभयो।

"अर्थमन्त्रालय र प्रधानमन्त्रीसँग यस विषयमा निरन्तर छलफल भइरहेको छ", मन्त्री घिसिङले भन्नुभयो। उहाँले पुनर्निर्माणका संरचनाको डिजाइन तथा निर्माण प्रक्रिया तीव्र गतिमा अघि बढिरहेको जानकारी दिनुभयो। ऊर्जा, सिँचाइ, सडक र सहरी विकासका दीर्घकालीन तथा केही अल्पकालीन परियोजना अब द्रुत गतिमा अघि बढ्ने उहाँको भनाइ थियो। रासस

# प्रतिनिधिसभाको निर्वाचन फागुन २१ मै हुन्छः मन्त्री खरेल



चरिकोट । सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदिश खरेलले आगामी फागुन २१ मै प्रतिनिधिसभा सदस्य निर्वाचन हुने भन्दै चुनावको माहोल बनाउन यहाँका कार्यालय प्रमुखलाई निर्देशन दिनुभएको छ।

जिल्ला समन्वय समितिको सभा हलमा सोमबार भएको कार्यक्रममा उहाँले सरकारले चुनावका लागि वातावरण बनाइरहेकाले चुनाव हुँदैन कि भनेर फैलाइने भ्रमलाई चिर्ने गरी काम गर्न निर्देशन दिनुभएको हो।

मन्त्री खरेलले भन्नुभयो, "चुनावका लागि आवश्यक पर्ने सम्पूर्ण तयारी भइरहेको छ। आवश्यक स्रोतसाधनदेखि जनशक्ति जुटाउने काम भइरहेका छन्। त्यसैले भ्रम र कसैको दबाब एवं प्रभावमा नपरी मतदान केन्द्रमा गइ मत दिन वातावरण बनाउन लाग्नुस्। यसमा सबैको सहयोग आवश्यक छ।"

उहाँले फागुन २१ गते चुनाव होला र ! भनेर कुनै संका नगर्न कर्मचारी, राजनीतिक दल, सुरक्षा निकाय र निर्वाचन कार्यालयहरूलाई आग्रह गर्नुभयो। मन्त्री खरेलले जनताले कुनै गुनासो नगर्ने गरी नियमित सेवा प्रवाहमा समेत ध्यान दिन सबै कार्यालय प्रमुखलाई आग्रह गर्नुभयो।

प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद रिसालले मतदान हुने स्थलको अनुगमन गरी अवस्था बुझ्ने काम निरन्तर भइरहेको बताउनुभयो। उहाँले जिल्लामा हाल एक लाख ६३ हजार १३३ जना मतदाता रहेका र विगतमा ९४ वटा मतदान केन्द्र रहेका जानकारी गराउनुभयो ।रासस

# 'जेनजी आन्दोलनका क्रममा क्षतिग्रस्त भवनको पुनःनिर्माणमा जुट्यो सरकार'

काठमाण्डु । सरकारले जेनजी आन्दोलनका क्रममा क्षतिग्रस्त घर र संरचनाको पुनर्निर्माण अघि बढाएको छ। क्षतिग्रस्त सरकारी र निजी संरचनाको पुनःनिर्माणमा सरकारले औपचारिक रूपमा काम अघि बढाएको सहरी विकास मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देलले जानकारी दिनुभएको हो।

सिग्देल अनुसार आन्दोलनका क्रममा करिब दुई हजार २०० घर एवं संरचनामा क्षति पुगेको थियो। जसमध्ये



एक हजार ३०० सरकारी भवन छन्। मन्त्रालयले क्षतिग्रस्त संरचनामध्ये ६०० सङ्घीय भवन पुनःनिर्माणको जिम्मा लिएको छ। तीमध्ये २०० देखि २५० भवनको विस्तृत इञ्जिनियरिङ मूल्याङ्कन अघि बढाइएको हो। दुई महिनाभित्र डिजाइन र लागत अनुमानसहितको प्रतिवेदन तयार हुने अपेक्षा मन्त्रालयको छ।

सचिव सिग्देलले प्रतिवेदन प्राप्त भए लगत्तै पुनर्निर्माण प्रक्रिया सुरु हुने बताउनुभयो। त्यसका लागि आवश्यक बजेट पुनःनिर्माण कोषमार्फत परिचालित हुनेछ।

मन्त्रालयअन्तर्गत कीर्तिपुर स्थित त्रिभुवन विश्वविद्यालय अन्तरराष्ट्रिय क्रिकेट मैदान फ्लडलाइट जडान र १० हजार दर्शक क्षमताको प्यारामिटर निर्माणको पहिलो चरण पूरा भएको छ। दोस्रो चरणका लागि अर्थ मन्त्रालयमा बहुवर्षीय ठेक्का स्वीकृतिका लागि प्रस्ताव पठाइएको मन्त्रालयले जनाएको छ।

यद्यपि बजेट अभावले धेरै आयोजना प्रभावित भएको सचिव सिग्देलले बताउनुभयो। अहिले रु ६१ अर्ब ७६ करोड बराबरका आठ हजार १४० वटा आयोजना रोक्कामा परेपछि भुक्तानी, प्रगति र खरिद प्रक्रियामा समस्या देखिएको मन्त्रालयले जनाएको छ।

पुराना क्रमागत आयोजनासमेत रोक्का सूचीमा परेकाले समस्या थप गम्भीर बनेको उहाँले बताउनुभयो। उहाँका अनुसार सरकारले मूल्याङ्कन, डिजाइन र पुनःनिर्माण प्रक्रियालाई प्राथमिकतामा राखे पनि बजेट फुकुवाको प्रक्रिया चुनौती बनेको छ ।रासस

# ११औँ महाधिवेशन नेतृत्व चयनमा केन्द्रित हुन्छः महासचिव पोखरेल




काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का महासचिव शङ्कर पोखरेलले पार्टीको ११औँ महाधिवेशन नेतृत्व चयनमा केन्द्रित हुनेको बताउनुभएको छ।

एमालेको ११औँ राष्ट्रिय महाधिवेशन प्रचार समितिको भेलालाई सोमबार सम्बोधन गर्दै महासचिव पोखरेलले पार्टीको नीति तथा कार्यक्रम विधान महाधिवेशनले गरेकाले मङ्सिर २७ गतेबाट हुने राष्ट्रिय महाधिवेशन नेतृत्व चयनमा केन्द्रित हुने बताउनुभयो । "महाधिवेशन प्रतिनिधि चयनदेखि नेतृत्व निर्माणसम्मका सबै प्रक्रिया लोकतान्त्रिक मूल्य-मान्यतामा आधारित रहेर हुने छन", उहाँले भन्नुभयो।

महासचिव पोखरेलले अनुसार पार्टीको भावी कार्यदिशा, संरचना र विधानसम्बन्धी महत्वपूर्ण निर्णयहरू महाधिवेशनमै अन्तिम रूप पाइसकेका छन् । उहाँले पार्टीको ११औँ महाधिवेशनले प्रतिगमनको विरुद्ध निर्णायक भूमिका खेल्ने बताउनुभयो। "यो महाधिवेशन प्रतिगमन विरुद्धको निर्णायक राजनीतिक प्रक्रिया हुनेछ", उहाँले भन्नुभयो।

महासचिव पोखरेलले महाधिवेशनको उद्घाटन समारोहमा हुने जनप्रदर्शन अहिलेसम्मकै सबैभन्दा ठूलो ऐतिहासिक प्रदर्शन हुने दाबी गर्नुभयो । त्यसका लागि तलसम्म लाग्न पोखरेलले सवाललाई एजेण्डामा केन्द्रित गर्ने दाबी गर्नुभयो। उहाँले युवा पुस्ता, विशेषतः जेन-जेड मैत्री संरचना निर्माणमा महाधिवेशनमा जोड दिइने र महिलाको सहभागिता तथा नेतृत्व भूमिकामा उल्लेख्य वृद्धि हुने बताउनुभयो।

पार्टी प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले महाधिवेशनमा बागमती प्रदेशलाई विशेष प्राथमिकता दिइएको बताउनुभयो। प्रदेश सङ्गठनलाई सुदृढ बनाउने र

"महाधिवेशन प्रतिनिधि चयनदेखि नेतृत्व निर्माणसम्मका सबै प्रक्रिया लोकतान्त्रिक मूल्य-मान्यतामा आधारित रहेर हुने छन"

आग्रह गर्नुभयो । उपमहासचिव प्रदीप ज्ञवालीले महाधिवेशनले राष्ट्रियता, सामाजिक विकास र पुनःनिर्माण जस्ता मूल राजनीतिक राजनीतिक अभियान प्रभावकारी बनाउने उद्देश्यसहित बागमतीलाई केन्द्रबिन्दु बनाइएको उहाँले बताउनुभयो ।रासस

# लुम्बिनी प्रदेशसभामा जेनजी आन्दोलनको बिषय प्रवेश

लुम्बिनी । लुम्बिनी प्रदेशसभाका सदस्यहरुले जेनजी आन्दोलनको विषय उठान गर्नुभएको छ। प्रदेशसभामा सोमबारदेखि सुरु भएको हिउँदे अधिवेशनको बैठकमा उहाँहरुले गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलन र यसको उद्देश्यबारे प्रश्न उठाउनुभयो । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का प्रमुख सचेतक तुलसीप्रसाद चौधरीले जेनजी आन्दोलनको उद्देश्य के हो भन्ने विषयमा स्पष्ट नभएको टिप्पणी गर्नुभयो । उहाँले आन्दोलनबाट नेपाली जनताले के पाए भनि प्रश्न गर्नुभयो । नेपाली कांग्रेसकी प्रमुख सचेत जमुना ढकालले संयमता र जिम्मेवार कार्यशैलीको अभावका कारण जेनजी आन्दोलनमा तोडफोड र आगजनी भएको बताउनुभयो।

उहाँले अझै पनि सडकमा त्रासको वातावरण रहेको भन्दै शान्तिपूर्ण वातावरण बनाउन सबैलाई आग्रह गर्नुभयो ।नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का प्रमुख सचेत इन्द्रजित थारुले परिस्थितिको गम्भीर आत्मसमीक्षा आवश्यक भएको बताउनुभयो । उहाँले उत्पन्न अवस्थाको कारण पहिचान गरेर सबै दलले राष्ट्रियताका सवालमा जिम्मेवारी लिनुपर्ने धारणा राख्नुभयो।

प्रदेशसभा सदस्य अम्बिका काफ्ले, भण्डारीलाल अहिर, हेमा बेल्वासे, चन्द्रकेश गुप्ता, जानकीप्रसाद यादवलगायत सांसदहरूले पनि धारणा राख्नुभयो। बैठकमा सभामुख तुलाराम घर्तिमगरले प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त तीन वटा पत्र पढेर सुनाउनुभयो । उहाँले सातौं अधिवेशन आह्वानसम्बन्धी सूचना, मन्त्रिपरिषद् पुनःगठनबारे पत्र र छैटौं अधिवेशनबाट प्रमाणीकरण भइसकेका विधेयकसम्बन्धी जानकारी पढेर सुनाउनुभयो। बैठकले प्रदेशसभा सदस्य सरिता पुनको निधनप्रति शोक प्रस्ताव पारित गरेको छ।


## Social Development & Research Center (SDRC)

## Janakpurdham, Dhanusha, Nepal

## Invitation for Bid

### Call for bid to conduct Disaster Volunteers Mobilization Basic Training at Dhanusha

### CONTRACT NO: SDRC/ 082/83

**1st Publication: 25th November 2025**

**Social Development & Research Center (SDRC)** Janakpurdham Dhanusha invites sealed bid from the eligible and qualified bidders to conduct **Disaster Volunteers Mobilization Basic Training** under **Timely Action To Prepared And Respond (TATPAR)** Project supported by Plan International Nepal. Interested firms and consultants are requested to submit a sealed technical and financial proposal along with CVs as outlined in the Terms of Reference (ToR) which can be received upon request at *sdrcjanakpur@gmail.com* Technical proposals must be in English language and should clearly articulate the methodology to be used in this assignment.

Bids must be submitted in a sealed envelope marked with the reference number and the description of the works being bid on, and must be received by **Social Development and Research Center** no later than **16:00 PM, 1st December 2025**. Late or incomplete bids will not be entertained. The tenders will be opened on **2nd December 2025 at 12:00 Hours** in the presence of the bidders or their representatives. If the last day falls on a public holiday, proposals can be registered until the next office opening day and opening also take place accordingly.

The tender opening will take place at the office of **Social Development and Research Center, Mills Area Janakpurdham Dhanusha.**

*For further more information in this regard, kindly reach out at 9801674639.

**Note:** SDRC reserve rights to accept or reject any/all tender document without necessary reason.

# युक्रेनको पूर्ण सार्वभौमिकता कायम रहने शान्ति सम्झौता आवश्यक

एएफपी

जेनेभा । जेनेभामा अमेरिकी, युक्रेनीरयुरोपेलीअधिकारीहरूबीच सम्पन्न 'रचनात्मक' वार्तापछि वासिङ्टन र किएभले आइतबार संयुक्त रूपमा विज्ञप्ति जारी गर्दै रुससँगको युद्ध रोक्ने कुनै पनि अन्तिम सम्झौताले युक्रेनको सार्वभौमसत्ता पूर्ण रूपमा सुरक्षित राख्नैपर्ने स्पष्ट सन्देश दिएका छन् ।



अमेरिकाले तयार पारेको प्रारम्भिक शान्ति प्रस्तावप्रति केही युरोपेली आलोचना उठेपछि सुरु भएको एकदिने बैठकले ' अद्यावधिक र परिष्कृत शान्ति ढाँचा' को मस्यौदा तयार गरेको संयुक्त वक्तव्यमा उल्लेख गरिएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रुसको पूर्ण आक्रमणपछि करिब चार वर्ष लामो युद्ध अन्त्य गर्ने उद्देश्यले तयार पारेको आफ्नो योजना स्वीकार गर्न युक्रेनलाई नोभेम्बर २७ सम्म समयसीमा दिनुभएको थियो ।

तर किएभले मस्कोका कडा मागहरूलाई अस्वीकार्य बताउँदै २८-बुँदे योजनामा परिमार्जन आवश्यक रहेको धारणा व्यक्त गर्दै आएको थियो । त्यस योजनाले युक्रेनलाई केही क्षेत्र बुझाउन, आफ्नो सेना कटौती गर्न र नाटोमा कहिल्यै प्रवेश नगर्ने आश्वासन दिन दबाव दिएको छ ।

संयुक्त वक्तव्यमा भनिएको छ, "वार्ता अत्यन्तै रचनात्मक, उद्देश्यप्रति केन्द्रित र पारस्परिक सम्मानका आधारमा भयो, जसले न्यायपूर्ण र दिगो शान्ति हासिल गर्ने हाम्रो साझा सङ्कल्पलाई अझ गहिरो बनाएको छ ।" विज्ञप्तिले सहमतिका ठोस बुँदामा 'अर्थपूर्ण प्रगति' भएको उल्लेख गर्दै भविष्यका कुनै पनि सम्झौतामा युक्रेनको सार्वभौमिकता अविचल रूपमा सम्मानित हुनुपर्ने कुरा पुनः दोहोऱ्याएको छ ।

दुवै पक्षले आगामी दिनहरूमा संयुक्त प्रस्तावहरूलाई अझ परिष्कृत गर्दै अघि बढ्ने प्रतिज्ञा गरेका छन् । तर वासिङ्टनले यस वार्तालाई 'महत्त्वपूर्ण कदम' का रूपमा चित्रित गरिरहँदा युक्रेनको प्रमुख सहर खार्किभमा भएको रूसी ड्रोन आक्रमणमा चार जना नागरिकको निधन भएको मेयर इगोर तेरेखोभले जानकारी गराउनुभएको छ ।

अमेरिकी विदेशमन्त्री मार्को रुबियोले वार्तामा 'जबरदस्त प्रगति' भएको दाबी गर्नुभयो भने युक्रेनी प्रतिनिधिमण्डलका प्रमुख एन्ड्री यर्माकले पनि 'धेरै राम्रो प्रगति' भएको बताउनुभयो । रुबियोले असहमतिको क्षेत्र सङ्कुचित हुँदै गएको र बाँकी विषयहरू 'टाढा छैनन्' भन्दै छिट्टै नतिजामा पुग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँका अनुसार अन्तिम सहमति राष्ट्रपतिहरूबीचै हुनुपर्ने भएकाले क्रेमलिनले समर्थन जनाइसकेको प्रारम्भिक प्रस्तावअघि केही संवेदनशील मुद्दामा थप काम गर्न बाँकी छ ।

वार्ता अघि राष्ट्रपति ट्रम्पले सामाजिक सञ्जाल 'ट्रुथ सोसल' मा पोस्ट गर्दै 'युक्रेन नेतृत्वले अमेरिकाको प्रयासप्रति कृतज्ञता नदेखाएको' आरोप लगाउनुभएको थियो । त्यसको केही समयमै राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले एक्समा प्रविष्टि लेख्दै संयुक्त राज्य अमेरिका र राष्ट्रपति ट्रम्पप्रति 'युक्रेनी जीवन जोगाइरहनुभएको योगदानका लागि गहिरो आभार"' व्यक्त गर्नुभयो ।

खार्किभमा भएको रूसी ड्रोन आक्रमणबारे मेयर तेरेखोभले टेलिग्राममा लेख्दै वार्ता चलिरहे पनि 'रूसी सेनाले नागरिक भवन, पूर्वाधार र आवासीय क्षेत्रमा आक्रमण गरिरहनु अत्यन्तै भयावह' रहेको बताउनुभयो । युक्रेनी टोलीले अमेरिकी मस्यौदा योजनाको अद्यावधिक संस्करणमा 'युक्रेनका अधिकांश प्रमुख प्राथमिकता' समेटिएको पनि बताएको छ ।

दिनको अन्त्यमा रुबियोले राष्ट्रपति ट्रम्प प्रगति सुनेर 'सन्तुष्ट र उत्साहित' हुनुभएको धारणा व्यक्त गर्दै अमेरिकी राष्ट्रपतिको मागअनुसार नोभेम्बर २७ सम्म सम्झौतामा पुग्न सकिने भन्ने प्रश्नमा 'हामी सकेसम्म चाँडो निष्कर्षमा पुग्न चाहन्छौँ' भन्नुभयो । उहाँले भन्नुभयो, "हाम्रो प्रगति उल्लेखनीय छ र म धेरै आशावादी छु कि छिट्टै नै हामी उचित निष्कर्षमा पुग्नेछौँ ।"

वार्ताको अर्को महत्त्वपूर्ण पाटो युरोपेली भूमिकासँग जोडिएको छ । रुबियोले आफ्नो टोलीले विभिन्न युरोपेली देशका राष्ट्रिय सुरक्षा सल्लाहकारहरूसँग भेट गरेको बताउनुभयो । युक्रेनी प्रतिनिधिमण्डलले पनि बेलायत, फ्रान्स र जर्मनीका वरिष्ठ अधिकारीहरूसँग परामर्श गरेको छ । प्रारम्भिक अमेरिकी योजना युरोपेली साझेदारको इनपुट बिना तयार गरिएको भन्दै युरोपेली पक्षले आइतबार आफ्नो भूमिका प्रस्ट रूपमा प्रस्तुत गरिएको थियो ।

युरोपेली सङ्घ (इयु) की प्रमुख उर्सुला भोन डेर लेयेनले आफ्नो विज्ञप्तिमा भन्नुभएको छ, "युक्रेनलाई आफ्नै भाग्य चुन्ने स्वतन्त्रता र पूर्ण सार्वभौम अधिकार छ। उनीहरूले युरोपेली मार्ग रोजेका छन् र कुनै पनि शान्ति योजनामा युरोपेली सङ्घको 'केन्द्रीयता' स्पष्ट रूपमा प्रतिबिम्बित हुनैपर्दछ ।"

त्यहीक्रममा बेलायतका प्रधानमन्त्री किर स्टार्मर र राष्ट्रपति ट्रम्पबीच भएको टेलिफोन संवादपछि डाउनिङ स्ट्रिटले दुवै नेताले 'न्यायपूर्ण र दिगो शान्ति ल्याउन यो महत्त्वपूर्ण क्षणमा सबै पक्षले घनिष्ठ सहकार्य गर्नुपर्ने' कुरामा सहमति जनाएको जनाएको छ ।रासस

# जनकपुर बोल्टस्को विराटनगरसंग दोश्रो हार



काठमाण्डु । राजधानीमा जारी दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) मा कप्तान सन्दीप लामिछानेको उत्कृष्ट बलिङको मद्दतमा विराटनगर किङ्स विजयी भएको छ । विराटनगर लगातार आफ्नो तेस्रो खेलमा विजयी भएको हो । सोमबारको खेलमा विराटनगरले जनकपुर बोल्ट्सलाई नौ रनले हराएको हो ।

जितका लागि १३६ रनको लक्ष्य पछ्याएको जनकपुरले निर्धारित २० ओभरको खेलमा नौ विकेट गुमाएर एक सय २६ रन मात्रै बनाउन सक्यो । जनकपुरका लागि निकोल लेफ्टी इटनले ४१, लाहिरू मिलन्थाले २३, सञ्जय कृष्णमुर्तिले २० तथा आशिफ शेखले १३ रन बनाए ।बलिङतर्फ विराटनगरका लागि कप्तान सन्दीप लामिछानेले ४ विकेट लिए ।

उनले चार ओभर बलिङ गर्ने क्रममा मात्र ११ रन खर्चिए । यस्तै सूर्य तामाङले दुई तथा मर्चेन्ट डे लाङले र शुभम रन्जनेले एक एक विकेट लिए ।


यसअघि त्रिवि अन्तरराष्ट्रिय क्रिकेट मैदान कीर्तिपुरमा टस हारेर पहिला ब्याटिङ गरेको विराटनगरले निर्धारित २० ओभरमा ७ विकेटको क्षतिमा १३५ रन बनायो ।

विराटनगरका लागि शुभम रन्जनेले सर्वाधिक ३७ रनको योगदान दिए । उनले २९ बल खेल्दै दुई छक्का र दुई चौका प्रहार गरे । यस्तै बसिर अहमदले ३५ बलमा तीन छक्काको मद्दतमा ३६ रन बनाए । प्रारम्भिक ब्याटर लोकेश बमले २६ बल खेल्ने क्रममा एक छक्का र दुई चौका हान्दै २८ रनको योगदान दिए । यस्तै मार्टिन गुप्टिलले १३ र जर्ज मुन्सेले १० रन बनाए । विराटनगरका दुई ब्याटर रनआउट भए ।

बलिङतर्फ जनकपुर बोल्टस्का रूपेश सिंह र सङ्गीथ कुरेले दुई दुई तथा आदित्य महताले एक विकेट लिए ।

यसअघि विराटनगरले पहिलो खेलमा पोखरा एभेन्जर्स र दोस्रो खेलमा काठमाडौंविरुद्ध जित दर्ज गरेको थियो । तेस्रो खेलमा जितेसँगै विराटनगर ६ अङ्कसहित शीर्ष स्थानमा पुगेको छ । सोमबारै दोस्रो खेल सुदूरपश्चिम रोयल्स र कर्णाली याक्सबीच भएको छ ।रासस

# सहारा फुटबल एकेडेमी: विपन्न बालकको सहारा



गण्डकी । खेलको माध्यमबाट समाजका युवालाई कुलतबाट जोगाउन २०५८ सालमा स्थापित पोखराको सहारा क्लबले सञ्चालन गर्दै आएको आहा रारा फुटबल नेपाली फुटबलका क्षेत्रमा आफैँमा एउटा विशिष्ट पहिचानसमेत हो । त्यसो त फुटबल खेलाएरै सहारा फुटबल एकेडेमी सञ्चालन गरिरहेको यो क्लब देशको हिमालदेखि तराई र पूर्वदेखि पश्चिमबाट विभिन्न १६ जिल्लाका ३० असहाय विपन्न वर्गका बालकको दरिलो सहार ासमेत बनिरहेको छ ।

सुरुमा २०५८ सालदेखि घरबाटै आवतजावत गर्ने गरी २० बालकलाई लिएर एकेडेमी सञ्चालनको प्रयास थालिएकामा २०६१ सालदेखि आवशीय रुपमा बालकहरूराखेरएकेडेमीसञ्चालन गरिएको सहारा क्लबका अध्यक्ष केशवबहादुर थापाले जानकारी दिनुभयो। एकेडेमीमा कक्षा ६ देखि १० सम्म अध्ययनरत विद्यार्थी छन्। पोखरा महानगरपालिका-१७ दोभिल्लास्थित एकेडेमीमा १६ जिल्लाबाट २८ बालक राखेर आवासीय रुपमा एकेडेमी सुरु गरिएको उहाँले बताउनुभयो ।

"विद्यार्थीलाई गास, बास र कपासका साथै उचित शिक्षाको प्रबन्ध र फुटबल प्रशिक्षण निःशुल्क प्रदान गर्दैआएका छौँ", अध्यक्ष थापाले भन्नुभयो ।

एकेडेमीमा आश्रित बालकहरु पोखरा-३३ भरतपोखरीस्थित शिशु कल्याण माध्यमिक विद्यालयमा अध्ययनरत छन् । विसं २०५९ मा पहिलो क्याराभान गोल्ड कप एवं २०६० देखि आहा गोल्डकप सञ्चालनसँगै आवासीय रूपमा एकेडेमी चलाउने सोचले अघि बढेको अध्यक्ष थापाले बताउनुभयो । आहा गोल्ड कप सञ्चालनको एक दशक पछि आहा रारा गोल्ड कपका रुपमा सञ्चालन भएको उक्त फुटबल प्रतियोगिता पछिल्लो चार वर्षयता आहा रारा पोखरा गोल्ड कपका रुपमा सञ्चालन भइरहेको छ ।

एकेडेमी स्थापनासँगै क्लबबाट राष्ट्रियस्तरका खेलाडी उत्पादन भएपछि सहाराको महत्व र गरिमा अझै चुलिएको छ । एकेडेमीकै उत्पादन राष्ट्रिय खेलाडी अनिल गुरुङ, प्रशिक्षक विष्णु गुरुङलगायतका कारण पनि एकेडेमीको सार्थकतालाई पुष्टि गरेको छ ।

एकेडेमीकै अवसर पाएका सुशील लामा, अजित भण्डारी र नवीन श्रेष्ठजस्ता खेलाडीका कारण पनि क्लबको उचाइ बढेको छ। त्यस्तै विशाल नेपाली र मुकुन्द निउरे पनि एकेडेमीकै उत्पादन हुन् ।

एकेडेमीको व्यवस्थित एवम् दीर्घकालीन सञ्चालनको उद्देश्यका साथ २०६३ सालमा पोखरा-१७ दोबिल्लामा रु २८ लाख ५० हजारको लागतमा २६ रोपनी जग्गा खरिद गरिएको थियो । उक्त परिसरमा तीनतले भवन, मिनी प्यारापिटसहितको फुटबल मैदानलगायत संरचना तयार गरिएका छन् ।

अन्तरराष्ट्रिय फुटबल महासङ्घ (फिफा)ले करिब १२ वर्ष अघि यसका गतिविधिलाई समेटेर तयार पारेको 'हिमालको देशमा फुटबलभित्र लुकेको कथा' विषयको वृत्तचित्रले यसको भूमिकालाई अझै स्पष्ट पारेको छ । ध्यक्ष थापाका अनुसार एकेडेमी दीर्घकालीन रुपमा सञ्चालन गर्न स्व सूर्यबहादुर केसीको परिवारले वार्षिक रु १५ लाख उपलब्ध गराउँदै आएको छ । दश वर्षसम्म केसीको पुण्यतिथिका अवसरमा उहाँको परिवारले क्लबलाई वार्षिक सो रकम दिने गरी सम्झौता गरेकाले एकेडेमीको नामकरण 'सूर्यबहादुर केसी स्मृति सहारा फुटबल एकेडेमी' गरिएको छ ।

एकेडेमीकै व्यवस्थित एवं दीर्घकालीन सञ्चालनका लागि संस्थाले स्थापना गरेको सहारा फुटबल एकेडेमी अक्षयकोषमा हाल रु तीन करोड ४७ लाख मौज्दात छ । केसी परिवारबाट आउने सहयोगका साथै अक्षयकोषको ब्याज रकमबाट एकेडेमी सञ्चालन हुँदै आएको छ । एकेडेमी सञ्चालन गर्न सहयोग पुगोस् भन्ने उद्देश्यका साथ क्लबको आयोजनामा यस वर्ष गत कात्तिक १४ गते सहारा च्यारिटी डिनर नाइट आयोजना गरिएको थियो ।

उक्त कार्यक्रममार्फत रु १७ लाख आम्दानी भएको थियो ।

'खेलकूदको विकासमा सहकार्य गरौँ, पोखरालाई खेलकुद पर्यटन सहरका रुपमा विकास गरौँ' नारासहित २०५८ साल यता सञ्चालन भइरहेको आहा रारा गोल्डकप फुटबल प्रतियोगिताले सहाराको गरिमा र महत्वलाई अझै उजागर गरिरहेको क्लबका महासचिव गङ्गाराज पौडेल बताउनुहुन्छ । उहाँका अनुसार क्लबले सञ्चालन गर्दै आएको प्रतियोगितामार्फत दर्शकले काटेको टिकटबाट बचेको रकम एकेडेमी सञ्चालनमा उपयोग गर्दै आएको छ ।

गोल्ड कपको २५औँ संस्करण अर्थात् आहा रारा पोखरा गोल्ड कपको रजत जयन्ती फुटबल प्रतियोगिता सञ्चालन गर्न अखिल नेपाल फुटबल सङ्घ (एन्फा) बाट आगामी माघ २७ गतेदेखि फागुन ९ गतेसम्मको समय तालिका प्राप्त भएको उहाँले जानकारी दिनुभयो । प्रतियोगिताको मुख्य प्रयोजक आहा रारा चाउचाउको उत्पादक हिमश्री फुड्स प्रालि तथा संरक्षक पोखरा महानगरपालिका रहेको छ ।रासस

# उत्तरपश्चिमी पाकिस्तानमा सुरक्षा मुख्यालयमा आत्मघाती आक्रमण

एपी

पेशावर । उत्तरपश्चिमी पाकिस्तानमा सोमबार बिहान दुई आत्मघाती बम हमलाकारीले सुरक्षा बलको प्रान्तीय मुख्यालयमा आक्रमण गर्दा तीन अधिकारीको मृत्यु भएको र पाँच जना घाइते भएको प्रहरी तथा उद्धार अधिकारीहरूले बताएका छन् ।

अफगानिस्तानसँग जोडिएको खैबर पख्तुनख्वा प्रान्तको राजधानी पेशावरस्थित फेडरल कन्स्टेबुलरी मुख्यालयमा भएको उक्त आक्रमणबारे सहरका प्रहरी प्रमुख सइद अहमदले पुष्टि गर्दै भन्नुभयो, "एक आक्रमणकारीले मुख्य गेटमै आफ्नो विस्फोटक विस्फोट गरायो भने दोस्रो बम हमलाकारीलाई पार्किङ क्षेत्रनजिकै हाम्रो सुरक्षाकर्मीहरूले गोली हानी घटनास्थलमै नियन्त्रणमा लिए ।"

उहाँका अनुसार आक्रमणको समयमा मुख्यालयभित्र बिहानको परेड अभ्यास भइरहेको थियो, जसमा ठूलो सङ्ख्यामा सुरक्षाकर्मीहरू खुला मैदानमा उपस्थित थिए । "आतङ्ककारीहरू पैदलै प्रवेश गर्ने प्रयासमा थिए तर परेड मैदानसम्म पुग्न सकेनन् । सुरक्षाकर्मीहरूको समयमै प्रतिक्रिया नभएको भए क्षति अझ भयावह हुने थियो", अहमदले एसोसिएटेड प्रेससँग भन्नुभयो ।

यस आक्रमणको जिम्मेवारी कुनै पनि समूहले हालसम्म नलिए पनि पाकिस्तानमा सक्रिय पाकिस्तानी तालिबान (तेहरीक-ए-तालिबान पाकिस्तान-टिटिपी) यस्ता आक्रमणहरूमा प्रायः संलग्न रहँदै आएको इतिहास छ । टिटिपी औपचारिक रूपमा छुट्टै समूह भए पनि अफगानिस्तानमा सत्तासीन तालिबानसँग वैचारिक तथा रणनीतिक निकटता राख्दै आएको बताइन्छ ।

यो ताजा आक्रमण पाकिस्तानको राजधानी इस्लामाबादमा अदालत बाहिर भएको आत्मघाती विस्फोट भएको दुई हप्ताभन्दा कम समयमै दोहोरिएको घटना हो । उक्त विस्फोटमा एक बम हमलाकारीले प्रहरी कारनजिकै विस्फोट गराउँदा १२ जनाको मृत्यु भएको थियो । निरन्तर भइरहेका यस्ता आक्रमणले पाकिस्तान र अफगान तालिबान सरकारबीचको सम्बन्धलाई थप तनावपूर्ण बनाइरहेको विश्लेषणहरू देखिन्छन् ।

पाकिस्तानी सरकारका अनुसार टिटिपीका लडाकूहरू सन् २०२१ मा तालिबानले अफगानिस्तान कब्जा गरेपछि अफगान भूमि प्रयोग गर्दै पाकिस्तानभित्र सहज रूपमा आक्रमण सञ्चालन गरिरहेका छन् । काबुलले भने यस्तो आरोप अस्वीकार गर्दै आएको छ । तर काबुलमा अक्टोबर ९ मा भएको ड्रोन हमलालाई लिएर अफगानिस्तानले पाकिस्तानलाई दोषारोपण गर्दै बदला लिने चेतावनी दिएपछि दुई देशबीचको विवाद झन् गहिरिएको थियो । कतारको मध्यस्थतामा अक्टोबर १९ मा युद्धविराम भए पनि त्यसअघि भएको भिडन्तमा सैनिक, नागरिक र उग्रवादीसहित धेरैको ज्यान गएको थियो ।



युद्धविरामपछि दुई चरणमा इस्तानबुलमा वार्ता भए पनि अफगानिस्तानले टिटिपीलाई पाकिस्तानभित्र आक्रमणका लागि आफ्नो भूमि प्रयोग गर्न नदिने लिखित प्रतिबद्धता दिन अस्वीकार गर्दा वार्ता निष्कर्षविहीन भएको बताइन्छ ।

# सुदुरपश्चिमको लगातार तेस्रो जित

काठमाण्डु । नेपाल प्रिमियर लिग (एनपिएल) लिगमा दीपेन्द्रसिंह ऐरीको उत्कृष्ट बलिङको मद्दतमा सुदूरपश्चिम रोयल्यसले लगातार तेस्रो खेलमा जित निकालेको छ ।



सोमबार कीर्तिपुरस्थित त्रिवि मैदानमा सुदूरपश्चिमले कर्णाली याक्समाथि ४५ रनको जित निकालेको हो। जारी एनपिएलमा सुदूरपश्चिमसँगै विराटनगर किंग्सले लगातार तीन खेलमा जित निकालेका छन्। कर्णाली भने तीन खेलमध्ये दुई खेलमा पराजित भइसकेको छ । सुदूरपश्चिमले दिएको १४० रनको लक्ष्य पछ्याएको कर्णाली चार बल खेल्न बाँकी छदा ९४ रनमै अलआउट भयो।

खराब सुरुवात गरेको कर्णालीको कुनै पनि बेला ब्याटिङ सम्हालिन सकेन। ओपनर प्रियांक पाञ्चाल शून्यमा आउट भए। उनलाई सुदूरपश्चिमका कप्तान दीपेन्द्रसिंह ऐरीले पहिलो ओभरमै विनोद भण्डारीबाट स्टमपिन गराए। अघिल्लो खेलमा शतक प्रहार गरेका मार्क वाटलाई दीपेन्द्रले नै १७ रन बनाएर खेलिरहदा चौथो ओभरमा एलबिडब्लूको धरापमा परे। अर्को ओभरमा विल बोसिस्टोलाई हेमन्त धामीले विकेट पछाडि बिनोद भण्डारीबाट ३ रनमा क्याच गराए।

छैटौं ओभरमा दीपेन्द्रले नाजिबुल्लाह जाद्रानलाई एलबिडब्लूको धरापमा परेपछि कर्णालीले पावरप्लेमा चार विकेट गुमायो। पावरप्ले भित्रै आफ्नो तेस्रो विकेट लिएपछि दीपेन्द्रले समरसल्ट गरेर सेलिब्रेसन गरे।

> **छैटौं ओभरमा दीपेन्द्रले नाजिबुल्लाह जाद्रानलाई एलबिडब्लूको धरापमा परेपछि कर्णालीले पावरप्लेमा चार विकेट गुमायो।**

दीपेन्द्रले पावरप्लेमा आफ्नो बलिङको जादू देखाएपछि कर्णाली संकटमा परेको थियो। त्यसपछि कर्णालीका कप्तान सोमपाल कामी १४ रन र पवन सर्राफले २७ रन जोडे। सोमपाल र पवनले पाँचौ विकेटका लागि ३२ रनको साझेदारी गरे। गुल्सन झालाई दीपेन्द्रले १३ रनमा १४औं औभरको अन्तिम बलमा बोल्ड गरे। यसपछि दीपेन्द्र झनै खुसी भए भने उनले फेरि समरसल्ट गरे।

लगातार विकेट गुमाइरहेको कर्णालीका नन्दन यादव १ रन र युवराज खत्री शून्यमा आउट भए। अर्जुन घर्ती अन्तिम विकेटको रूपमा १३ रनमा आउट भए।बलिङमा उत्कृष्ट प्रदर्शन गरेका दीपेन्द्र ४ विकेट लिए। उनले ४ ओभरमा २३ रन खर्चिए। हर्मित सिंहले २ विकेट हात पारे भने १ मेडन फ्याँक्दा १९ रन दिए। अभिनास बोहराले पनि २ विकेट लिए भने स्कट कुगेइलिन र हेमन्त धामीले १-१ विकेट हात पारे।

टस जितेको कर्णालीले फिल्डिङ रोजेपछि पहिले ब्याटिङ गरेको सुदूरपश्चिममले ९ विकेटको क्षतिमा १३९ रन बनायो। सुदुरपश्चिमका लागि कप्तान दीपेन्द्रसिंह ऐरीले सबैभन्दा बढी ३९ रन बनाउन सके।

कर्णालीका कप्तान सोमपाल कामीले रोयल डक लिए। उनले सुदूरपश्चिमका ओपनर जोश ब्राउनलाई इनिङ्गसको पहिलो बलमै बोल्ड गरेर रोयल डक गराए। पहिलो ओभरमै उत्कृष्ट बलिङ गरेका सोमपालले पहिलो ओभरमा मेडन राखे। त्यसपछि विनोद भण्डारी पाँचौ ओभरमा विपिन शर्माको एलबिडब्लूको धरापमा परे। भण्डारीले १३ बलमा १ चौकाको मद्दतमा ११ रन मात्र जोड्न सके।

क्रिस लिन आठौं ओभरमा आउट भएपछि खेल कर्णालीले नियन्त्रणमा लियो। लिनलाई युवा स्पिनर युवराज खत्रीले विल बोसिस्टोबाट क्याच गराएका थिए। २० बलमा १८ रन बनाएका लिनले २ चौका प्रहार गरे।

इशान पाण्डे दुई रनमा रनआउट हुँदा आरिफ शेखलाई १३औं ओभरमा नन्दन यादवले २७ रन बनाएर खेलिरहदा बोल्ड गरे। उनले २५ बलमा ३ चौका प्रहार गरे। त्यसपछि कप्तान दीपेन्द्रसिंह ऐरी र हर्मित सिंहबीच साझेदारी हुँदा सुदूरपश्चिमको इनिङ्गस सम्हालिएको थियो। उनीहरूबीच छैटौं विकेटका लागि ४८ रनको साझेदारी भयो।

१६ बलमा १ चौका र १ छक्काको मद्दतमा १९ रन जोडेका हर्मितलाई कर्णालीका कप्तान सोमपालले १७औं ओभरमा बोल्ड गरेका थिए। अर्को ओभरमा कप्तान दीपेन्द्रसिंह ऐरी ३९ रन जोडेर आउट भए। सुदूरपश्चिमका लागि सबैभन्दा बढी रन जोडेका ऐरीलाई मार्क वाटले नाजिबुल्लाह जाद्रानबाट क्याच गराए।१९औं ओभरमा नरेन साउद हिट विकेट भए। अन्तिम ओभरको पहिलो बलमा स्कट कुगेइलिन नन्दन यादवबाट बोल्ड भए। उनले ८ बलमा १ छक्काको मद्दतमा १० रन बनाए ।

बलिङमा कर्णालीका कप्तान सोमपाल कामीले ३ विकेट लिए। उनले ४ ओभरमा १ मेडन राख्दा ३२ रन खर्चिए। नन्दन यादवले २ विकेट लिने क्रममा ३ ओभरमा ११ रन मात्र खर्चिए। मार्क वाट, विपिन शर्मा र युवराज खत्रीले १-१ विकेट हात पारे।

# समाजलाई राम्रो संदेश दिएको छ : बगरिया

**टुडे समाचारदाता**

काठमाण्डु । दर्शकहरूले नेपालीपन,यथार्थ जीवनका कथा र समसामयिक संवेदनालाई उत्कृष्ट तरिकाले प्रस्तुत गरिएको भन्दै चलचित्र‘परान’लाई निरन्तर मायार साथ दिइरहेका छन् ।

चौथो सातामा प्रवेशगर्दा पनि दर्शकको संख्या घटेको छैन, जसले ‘परान’लाई वर्षको सफल चलचित्रमध्ये एक बनाउँदै लगेको छ ।

यसरी दर्शकको राम्रै साथर समर्थन पाइरहेका बेला‘परान’ले निम्बस ग्रुपको पनि ध्यान खिचेको छ ।चलचित्रको सदाबहार प्रदर्शनको मौकामा निम्बस ग्रुपले आफ्ना कर्मचारी र उनीहरूका परिवारसहित सामूहिक रुपमा चलचित्र हेरेको हो ।



शनिबार पुल्चोकस्थित लाबिममलमा कर्मचारीसहित चलचित्र हेरेको निम्बस ग्रुपले जनाएको छ ।


चलचित्र हेरेपछि निम्बस ग्रुपका प्रबन्ध निर्देशक अनन्द बगरियाले ‘परान’बोरे संक्षिप्त प्रतिकृया दिँदै भन्नुभयोँ–परान सामाजिक परिवेशमा केन्द्रित रहेर बनेको उत्कृष्ट फिल्म लाग्यो, कलाकारको अभिनय र कथाले पनि हामी सबैको मन जित्यो, यस फिल्मले समाजलाई सकारात्मक सन्देश दिन सफल भयो भन्ने लागेको छ ।साथै ‘परान’ हरेक कोणबाट ऐतिहासिक बन्न सकोस्‘परान’चलचित्र र सम्पूर्ण टिमलाई हार्दिक शुभकामना’

# किसानलाई बाली जोगाउने चिन्ता

देवदह । हरेक वर्षझैं यस वर्ष पनि किसानको उस्तै पीडा, चिन्ता र सङ्घर्ष छ । गहुँको बीउ छर्न मल अभावले किसान चिन्तित छन् । अर्कोतर्फ बेमौसमी वर्षाका कारण पानीमा डुबेर नष्ट भएको धानबाली निकाल्नै कठिन छ । कृषि पेसामा आत्मनिर्भर बन्ने सपना बोकेका किसानको दैनिकी भागदौड, चिन्ता र निराशाले भरिएको छ ।

अहिले धानबाली भित्र्याउने बेला हिउँदे बाली लगाउन किसान चटारोमा छन् । कोही मल नपाएर बीउ खेतमा छर्न सकिरहेका छैनन् भने कोही धानबाली नै निकाल्न नसकेर चिन्तित छन् । कृषि कर्मको प्राण नै मल-बीउ भएको ठान्ने किसानका लागि यतिबेला सबैभन्दा ठूलो चुनौती मल-बीउ नै भइरहेको छ ।

रुपन्देहीको मर्चवारी गाउँपालिका-२ का सुमेर यादव यतिबेला गहुँ र दलहनको खेती तयारीमै व्यस्त हुनुहुन्छ । तर, मल-बीउ ल्याउन नपाए खेतीपाती नै अधुरो हुने उहाँलाई चिन्ता छ । यादव भन्नुहुन्छ, “सरकारले समयमा पर्याप्त मल-बीउ उपलब्ध गराउन सकेको छैन । मलका लागि छिमेकी मुलुक भारतकै भर पर्नुपर्छ ।



कहिले मल सहजै ल्याउन पाइन्छ । तर, बेलाबखत सुरक्षाकर्मीको गाली खानुपर्छ । किसान भएकै कारण हामीलाई धेरै पीडा सहनुपरेको छ ।”

कोटहीमाई गाउँपालिका-७ का दिनेश लोधको समस्या पनि उस्तै छ । सहकारी संस्थामा मल आएको खबर सुन्नासाथ बिहान सबेरै दौडनु, लाइनमा बस्नु र नपाए फर्केर फेरि भारतीय बजार धाउनुपर्ने बाध्यता रहेको उहाँको भनाइ छ ।“सहकारीमा बिहानै लाइन बसिएन भने मल पाइँदैन । त्यहाँ नपाए सीमावर्ती भारतीय बजार धाउनुपर्छ”, उहाँले भन्नुभयो, “मल बिना खेती गर्न सकिन्न ।” सम्मरीमाई गाउँपालिका-७ का साहुल हरिजनको पीडा भने भिन्न छ । बेमौसमी वर्षाले डुबानमा परेको खेतबाट धानबाली निकाल्न चुनौती रहेको उहाँ बताउनुहुन्छ । हरिजनका अनुसार पानीको उचित निकास नहुँदा धेरैजसो धानबाली खेतमै नष्ट भइसकेको छ । बचेका बोट-बिरुवा उठाएर सुकाउने काममै उहाँ व्यस्त हुनुहुन्छ ।

“हाम्रो खेतमा बर्सेनि पानी जमेर बाली नष्ट हुन्छ । कुलो-नाला व्यवस्था भए हामी जोगिन सक्थ्यौं । किसानको पीडा बुझ्ने समय कहिले आउँला ?” उहाँले प्रश्न गर्नुभयो । यी समस्या केवल रुपन्देहीको दक्षिणी क्षेत्र मर्चवारको मात्र होइनन्, तराई-मधेसका किसान बर्सेनि मल-बीउको अभाव, उचित बजार मूल्य नपाउनु, मल पाउन सास्ती र बेमौसमी वर्षाबाट धानबालीमा क्षतिलगायतका समस्या झेलिरहेका छन् ।


खेतमा पसिनै बगाएर आफ्नो र परिवारको गुजारा चलाउने आफूहरुको पीडा कसैले गम्भीर रूपमा नलिएसम्म कृषिबाट समृद्धिको सपना केवल कागजमै सीमित हुने किसान बताउँछन् । कोटहीमाई गाउँपालिकामा रहेका १८ सहकारीमार्फत मल वितरण भइरहे पनि किसानले आफ्नो आवश्यकताअनुसार भने पाउन सकेका छैनन् ।रुपन्देहीमा कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड प्रादेशिक कार्यालय भैरहवामार्फत मल वितरण भइरहेका छ । तर मागअनुसार र समयमा मल नपाउँदा किसान मर्कामा पर्दै आएका छन् ।रासस

# सिटिजन्स बैंकद्वारा नव युवा लक्षित ‘सिटिजन्स जेन–जीसेभिङ्ग अकाउन्ट ’सञ्चालनमा

**टुडे समाचारदाता**

काठमाण्डु । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले आफ्ना ग्राहकहरुलाई उत्कृष्ट सेवा सुविधा उपलब्ध गराउने क्रममा नवयुवा लक्षित बचत खाता “सिटिजन्स जेन-जी सेभिङ्ग अकाउन्ट” संचालनमा ल्याएको छ । सोमबार बैंकको कर्पोरेट कार्यालयमा आयोजित एक कार्यक्रमकामाझ बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेल “सिटिजन्स जेन-जी सेभिङ्ग अकाउन्ट” को प्रारम्भ गरे । सार्वजनिक गरिएको यस बचत खाताले युवाहरू विशेषगरी विद्यार्थी, फ्रीलान्सर, क्रिएटर, उद्यमशीलयुवातथा डिजिटल प्लेटफर्ममा सक्रिय जनसमुदायलाई उनीहरूको जीवनशैली अनुरूपको वित्तीय आवश्यकताको समाधान प्रदानगर्ने विश्वास बैंकले लिएको छ ।

यस बचत खाताक ।विशेषताहरुमा न्यूनतम रु १०० मा नै खाता सञ्चालनगर्न सकिनुका साथै वार्षिक ३.०२ प्रतिशत ब्याजदर प्रदान गरिनेछ । साथै, युवाग्राहकको कारोवारलाई सहज बनाउन चेकबुक, डिम्याट खाता, सि-आश्वा कमिशन तथा सि-आश्वा रेजिष्ट्रेशन जस्ता महत्वपूर्ण सेवाहरू पहिलो वर्ष निःशुल्क उपलब्ध गराइनेछ । डिजिटल सेवामा अझै बढी प्रोत्साहन दिन बैंकले एटीएम कार्ड, मोबाइल




बैंकिङ, ई-कम कार्ड र इन्टरनेट बैंकिङ गरी चारै सेवा एकैपटक लिएमामात्र रु ५०० मा उपलब्ध हुने विशेष बन्डल्ड सुविधासमेत राखेको छ, जसले युवा ग्राहकलाई न्यून लागतमा सम्पूर्ण डिजिटल सुविधको पहुँच प्रदानगर्ने विश्वास बैंकले लिएको छ । ग्राहकहरूले ट्राभल कार्ड इश्यू चार्जमा ५० प्रतिशत छुट र मोबाइल बैंकिङमा समर्पित जेन-जी ड्यासबोर्ड मार्फत व्यक्तिगत डिजिटल अनुभवको आनन्द लिने अवसर पाउँन् हुनेछ । यस बचत खाता प्रयोगकर्ताहरूलाई पहिलो मोबाइल टप-अपमा २५प्रतिशत नगद फिर्ता प्राप्त हुनेछ ।

“विश्वकै प्रतिष्ठित अवार्ड बैंक अफ द ईयर २०२४ को उपाधि प्राप्तगर्ने सफल भएको बैंकले यसअघि फोनपेसँगको सहकार्यमा नेपालमै पहिलो पटक “सिटिजन्स फोनपे क्रेडिट कार्ड” भर्चुअल क्रेडिट कार्ड सञ्चालनमा ल्याएको छ, फ्रिलान्सरहरूलाई लक्षित गरी विशेष ‘फ्रिलान्सर सेविङ्ज अकाउन्ट’ नामक नयाँ बचत खाता शुरु गरेको छ साथै नेपालमै पहिलो पटक मोबाइल बैंकिङ एपमार्फत नै शेयर आवेदन र सिआरएन नम्बर सेवा लिन सकिने सुबिधा लगायत क्रस बैंक टेलर सुविधा जसमा अन्य बैंकका ग्राहकले सिटिजन्स बैंकको शाखाबाट टेलर क्यू आर स्क्यान गरी नगद प्राप्तगर्न सकिने समेत ल्याएको छ । सिटिजन्स बैंक इन्टर नेसनल लिमिटेडले देशैभरी ६१ जिल्लामा फैलिएका आफ्ना २०० वटा शाखा, १६९ वटा ए.टि.एम., ३ विस्तारित काउन्टर र ४२ वटा शाखा रहित बैंकिङ्ग ईकाइहरुबाट १९ लाख ५४ हजार ग्राहक वर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदानगर्दै आएको छ ।

# एनसेलले एक महिनामा थप्यो मधेशमा ४० बढी टावर

**टुडे समाचारदाता**

जनकपुरधाम । निजी क्षेत्रको दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेलले गएको एक महिनामा मधेश प्रदेशमा ४० भन्दा बढी नयाँ टावरहरु थपेको छ । कम्पनीले आफ्नो फोरजी सेवाको गुणस्तर सुधार तथा विस्तार योजना अन्तर्गत यी नयाँ टावरहरु जडान गरी सञ्चालनमा ल्याएको हो ।

नयाँ टावरहरु सञ्चालनमा आएसँगै ती स्थानका ग्राहकहरुले अब एनसेलको फोरजी नेटवर्कमार्फत गुणस्तरीय भ्वाइस र उच्च गतिको डेटा सेवाको फाइदा लिन सक्ने भएका छन् । आफ्नो सेवाको निरन्तर गुणस्तर सुधार र विस्तार अभियान अन्तर्गत एनसेलले मधेस, बागमती र कोशी प्रदेशलगायत विभिन्न प्रदेशका स्थानीय तहमा आफ्नो फोरजी सेवाका थप टावरहरुका जडान गरेको हो ।

एनसेलले मधेस प्रदेशमा ४२ नयाँ टावरहरु सञ्चालनमा ल्याएको छ । ती स्थानहरु परवानीपुर, पकहाँ मैनपुर, पोखरिया, वीरगञ्ज, बलान बिहुल, जनकपुर, कटैया, कमला, विदेह, कौडेना, मोतीपुर, यमुनामाई, माधव नारायण, धोबीनी, मटिहानी, मुखियापाटी, चन्द्रपुर, हरिपुर, चन्द्रनगर, कल्यानपुर, चक्रघट्टा, बसवरिया, बरहथवालगायतका स्थानहरु रहेका छन् ।

कोशी प्रदेशमा इनरुवा, बर्जु, हरिनगर, गढी, ववियाविर्ता र मजारेलगायतका स्थानमा एनसेलको नयाँ टावर सञ्चालनमा आएको कम्पनीले जनाएको छ । बागमती र लुम्बिनी प्रदेशमा पनि एनसेलले नयाँ टावर थपेर सञ्चालनमा ल्याएको छ ।

“हामी नेपालको डिजिटल कनेक्टिभिटी विस्तार गर्ने हाम्रो प्रतिबद्धताको अनुरूप हाम्रो फोरजी नेटवर्कलाई विस्तार र सुदृढ बनाइरहेका छौं । नयाँ टावर सञ्चालनले आधुनिक मोबाइल ब्रोडब्यान्ड र गुणस्तरीय भ्वाइस सेवामा अझ व्यापक पहुँच सुनिश्चित गरेको छ,” एनसेलले हालै जारी गरेको प्रेस विज्ञप्तिमा बताएको छ । फोरजी सेवा विस्तार र सुधार योजना अनुसार, एनसेलले मध्य पुषसम्ममा देशभर थप १२५ भन्दा बढी नयाँ टावरहरु जडान गर्ने जनाएको छ ।

यी टावररुको जडान र सञ्चालनले सेवा पहुँच र गुणस्तरलाई थप सुदृड बनाउने छ । आधुनिक प्रविधि र नेटवर्कमार्फत विश्वस्तरीय सेवा र ग्राहक अनुभव प्रदान गर्ने आफ्नो प्रतिबद्धता बमोजिम, एनसेलले ग्राहकहरूलाई उच्च गतिको मोबाइल ब्रोडब्यान्डमा पहुँच सुनिश्चित गर्दै जेठ २०७४ बाट फोरजी सेवा सुरु गरेको थियो । यो सेवा ७७ वटै जिल्लामा विस्तार विस्तार भईसकेको छ र कुल जनसंख्याको ९५ प्रतिशत भन्दा बढि जनतामाझ यो सेवा पुगेको छ ।

# कृषकलाई सुन्तला ढुवानी सधैंको समस्या

दमौली । देवघाट गाउँपालिका-३ का सुन्तला उत्पादक कृषकलाई ढुवानीको समस्या सधैंको पिरलो बनेको छ । यहाँबाट करोडौ मूल्यका सुन्तला विक्री हुने गरेपनि ढुवानीको समस्या भने सधैं झेल्नुपरेको हो । यहाँ उत्पादित सुन्तला तनहुँ, पोखरा, चितवन, काठमाडौसम्म पुग्ने गरेको छ । यस वडाको छिपछिपे, बाटक, छापस्वाँरा, दगरा, लुङ्गिङबाट करोडौ मूल्य बराबरको सुन्तला उत्पादन हुने गरेको कृषक रणबहादुर मगरले जानकारी दिनुभयो ।

सुन्तला बजारसम्म पुर्‍याउन भने सधैं समस्या झेल्नुपरेको उहाँको गुनासो छ । उहाँले भन्नुभयो, “यहाँका कृषकको मुख्य आम्दानी सुन्तला खेती नै हो । कालीगण्डकी, सेतीमादी र त्रिशुली नदीले घेरिएको उक्त वडामा जान कुनै पनि नदीमा पक्की पुल बनेको छैन । पक्की पुल नहुँदा उक्त उत्पादित करोडौं मूल्यको सुन्तला बजारसम्म पुर्‍याउन सकस हुने गरेको छ ।” सुन्तलाको बोटमा रोग लागेर यसवर्ष उत्पादनमा कमी भएपनि आम्दानी भने गत वर्ष भन्दा ३० प्रतिशत बढि भएको उहाँले बताउनुभयो ।

गत वर्षहरुमा मङ्सिरको दोस्रो साता सुन्तला बजार पठाउने गरिएपनि यस वर्ष भने पहिलो सातामै सुन्तला बजार पठाइएको कृषक प्रेमबहादुर मगरले बताउनुभयो । उहाँका अनुसार प्रति क्रेट रु एक हजार चार सयमा सुन्तला विक्री भएको छ । उहाँले भन्नुभयो, “बजारसम्म सुन्तला पुर्‍याउन बाटो र पुलको अभाव र भरियामार्फत ढुवानी गर्दा बढी खर्च लाग्ने गर्छ । सुन्तला बजार पुर्‍याउन नाल्दी र गाईघाटमा पुल नहुँदा यहाँका किसानले कोटा, बैदी तथा साराङघाटको बाटो प्रयोग गरी दमौली हुँदै काठमाडौ पठाउने गरेका छन् ।”

कृषक भीमबहादुर रानाले सिधा सडक सञ्जाल विस्तार



नभएकाले घुमाउरो बाटो प्रयोग गर्दा किसानले दोब्बर भाडा तिर्नुपरेको गुनासो गर्नुभयो । उहाँले भन्नुभयो, “केही कृषकले मुग्लिन-नारायणगढ सडकको गाईघाटसम्म जीपमा ल्याएर त्यहाँबाट बोकाएर झोलुङ्गे पुल तारेर राजमार्गसम्म ल्याउने गर्छन् । छापस्वाँरा, दगराका किसानले ग्राभिटी रोपवेमार्फत बुद्धसिंह मार्गमा लगेर त्यहाँबाट दमौली हुँदै काठमाडौ लैजाने गरेका छन् ।” सडक पहुँच अभावका कारण यहाँका किसानले बिचौलियाका माध्यमबाट दमौली, मुग्लिन, नारायणगढ र काठमाडौसम्म बजार विस्तार गर्न बाध्य भएका छन् । यस वडाको लुङ्गिङमा एकै घरबाट रु २० लाखसम्म सुन्तला विक्री हुने गरेको बताइन्छ । रासस


## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला धनुषा गा.वि.स. खरिहानी वडा नं.३ हाल सबैला न.पा. वडा नं.१० मा बस्ने विलट साह तेलीको नाती पृथी साह तेलीको छोरा रामखेलावन साहले आगे मेरो बुवा पृथी साहु तेलीको नाउँमा साविकमा मौजे खरिहानीको सा.कि.नं.७२ क्षेत्रफल ९४ जग्गा सर्वे नापी हुँदा तपसिल बमोजिम कायम भएको जग्गा आफु नापीको समयमा उपस्थित नभएको कारणले दर्ता छुट हुन गई जग्गाधनी दर्ता प्रमाण पुर्जा पाउन नसकेकोमा बुवा पृथी साह तेलीको मिति २०५९/०५/२५ मा र आमा कागती साहु तेलीको मिति २०६६/१०/०१ मा आ-आफ्नै कालगतीले परलोक भई निजहरुको हकभोग अपुताली खाने जेठा छोरा उमा कुमार साह-१. माहिला छोरा रामखेलावन साह-१, साहिला छोरा जय कुमार साह-१ र कान्छा छोरा विजय कुमार साह-१ भएकोमा उमा कुमार साह-१. जय कुमार साह-१ र विजय कुमार साह-१ समेत ३ जनाको मंजुरीले उक्त जग्गा मेरो नाउँमा छुट जग्गा दर्ता नामसारी गरी पाउँ भनी रामखेलावन साहको द.नं.४१४५ मिति २०८२/०३/०७ मा यस कार्यालयमा माग निवेदन परी उक्त निवेदनको कारवाही सम्बन्धमा हकदावी सम्बन्धी सूचना प्रकाशन गर्ने भनी यस कार्यालयको मिति २०८२/०८/०२ को आदेशानुसार ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन प्रकाशन गरिएको छ । अतः माग दाबी बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए बा सरकारी, सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दाबी उजुर गर्न आउनु होला । सूचना गर्नु होला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ ।

**तपसिल**

| जिल्ला | क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | फिल्डबुको व्यहोरा |
|---|---|---|---|---|---|
| धनुषा | खरिहानी | ७क | ३३३ | ०-४-०-० | ज.ध. महलमा पृथी साह तेली बाबु विलट साहु पं. खरिहानी वार्ड नं.३ र जग्गाधनीको दस्तखत समेत भएको । |



## नेपाल रेडक्रस सोसाइटी
## रौतहट जिल्ला शाखा
## सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सुचना

**दोश्रो पटक प्रकाशन मिति :- २०८२/०८/०९**

नेपाल रेडक्रस सोसाइटी रौटहट जिल्ला शाखा अन्तर्गत सञ्चालित Drought Response Operation 2025 कार्यक्रमवाट SUBMERSIBLE BOREHOLE निमार्ण सामग्री खरिदका लागि सिलवन्दी बोलपत्र आह्वान गरिएकोले इच्छुक ईजाजत पत्र प्राप्त फर्म/सप्लायर्सहरुवाट निम्न शर्तहरुको अधिनमा रहि रितपुपर्वक सिलवन्दी बोलपत्र पेश गर्न यो बोलपत्र आह्वान गरिएको छ ।

१) आवधिक नवीकरण गरेको इजाजतपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रको प्रतिलिपि, कम्तिमा आ.ब २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, प्रतिलिपि संगै निवेदन सहित नेपाल रेडक्रस सोसाइटी रौतहट जिल्ला शाखाको नाममा राष्ट्रिय बाणिज्य बैंक गौरमा रहेको च.हि.न १२१०१००००१२५९००१ मा रु २,०००। (अक्षरुपी : दुई हजार मात्र ) जम्मा गरेको भौचर वा नगद दस्तुर शाखामा तिरेको रसिद (पछि फिर्ता नहुने गरि) पेश गरेपछि बोलपत्र सम्वन्धि कागजात उपलव्ध गराईनेछ ।

२) उक्त बोलपत्र खरिदका लागि बोलपत्रमा उल्लेखित कारोवार गर्ने इजाजत प्राप्त फर्म/सप्लायर्सहरुले निवेदन संगै माथि उल्लेखित कागजात पेश गरेपछि मात्र बोलपत्र खरिद गर्न तथा पेश गर्न पाउनेछ ।

३) एक फर्म/सप्लायर्सको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म/सप्लायर्सको नाममा दर्ता गर्न पाईने छैन ।

४) खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु स्पष्ट रुपमा भरि बोलपत्रदाताले प्रत्येक पानामा, कामको विवरण, प्रोप्राईटरको नाम ठेगाना फोन नं समेत स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दि (लाहा छाप लगाई) खामको बाहिर फर्म/सप्लायर्सको नाम र ठेगाना खुलाई आपुर्ति कर्ता तथा सप्लायर्सले सहिछाप गरि दोश्रो पटक सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनको कार्यालय समय भित्र यस कार्यालयमा पेश गरि सक्नु पर्नेछ । शिलबन्दि बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट पेश गर्न सकिनेछ ।

५) पेश भएका सिलबन्दी बोलपत्रहरु बोलपत्रदाताहरु वा निजको प्रतिनिधिको उपस्थितिमा बोलपत्र दर्ता मिति समाप्त भएको भोलिपल्ट (सूचना जारी भएको ८ औं दिन) दिनमा ११:०० बजे यस कार्यालयमा खोलिने छ । यदि उक्त दिन सार्बजनिक बिदा वा अन्य कारणले सिलबन्दी बोलपत्र नखोलिएमा अर्को दिन खोलिनेछ । सिलबन्दी बोलपत्र खोल्दा बोलपत्र दर्ता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

६) सिलबन्दी बोलपत्रका साथमा कबोल गरेको रकमको २.५ प्रतिशतका दरले हुन आउने रकम अर्नेष्ट मनी बापत शाखाको नाममा नेपाल रेडक्रस सोसाइटी रौतहट जिल्ला शाखाको नाममा राष्ट्रिय बाणिज्य बैंक गौरमा रहेको च.हि.न १२१०१००००१२५९००१ मा जम्मा गरेको बैक भौचर अथवा कम्तिमा ९० दिन मान्य अवधि भएको बैक जमानत पत्र अनिवार्य रुपमा समावेश भएको हुनु पर्नेछ ।

७) कुनै शर्त राखिएको, म्याद नाघि आएको वा रित नपुगेको सिलबन्दी दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन ।

८) सिलबन्दी बोलपत्र फाराम स्विकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्विकृत गर्ने सम्पूर्ण अधिकार नेपाल रेडक्रस सोसाइटी रौतहट जिल्ला शाखामा सुरक्षित रहनेछ ।

९) सामग्रीहरु नेपाल रेडक्रस सोसाइटी रौतहट जिल्ला शाखा गौरमा उपलव्ध गराउनु पर्नेछ ।

१०) दररेट अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख गरिएको लाई मान्यता दिईनेछ

११) यस कार्यालयवाट फर्म/सप्लायर्सलाई भुक्तानी गरिने रकम बाटै नियमानुसारको अग्रीम कर कट्टी गरी रकम भुक्तानी गरिनेछ ।

१२) यसमा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरु नेपाल रेडक्रस सोसाइटीको खरिद नियमावली अनुसार हुनेछ ।

**विस्तृत जानकारीको लागि**

**नेपाल रेडक्रस सोसाइटी रौतहट जिल्ला शाखा गौर, फोन नं :०५५-५२०१४१**

# मन्त्रिपरिषद्को कार्यविभाजन



**टुडे समाचारदाता**

जनकपुरधाम । नियुक्त भएको १६ औं दिनमा मधेशका मुख्यमन्त्री सरोजकुमार यादवले विनाविभागीय मन्त्रीहरूलाई जिम्मेवारी तोक्दै मन्त्रिपरिषद्को कार्यविभाजन गरेका छन् ।

संविधानको धारा १६८(३) बमोजिम ठूला दलको आधारमा कात्तिक २३ गते राति नेकपा एमालेबाट मुख्यमन्त्री नियुक्त भई भोलिपल्ट २४ कात्तिक बिहान बर्दिबासस्थित पानस होटलमा शपथ लिएका यादवले सुरुमा तीनजना विनाविभागीय मन्त्री नियुक्त गरेका थिए ।

नयाँ कार्यविभाजन अनुसार मुख्यमन्त्री यादवले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसहित ९ वटा मन्त्रालय आफ्नो जिम्मामा राखि बाँकी मन्त्रालयहरूको जिम्मेवारी विनाविभागीय मन्त्रीहरूलाई सोमवारदेखि लागू हुने गरी तोकेका छन् ।

नेकपा एमालेबाट मन्त्री बनेका लखन दासलाई ऊर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालय, नेपाल संघीय समाजवादी पार्टीकी बिमला अन्सारीलाई गृह, सञ्चार तथा कानुन मन्त्रालय र राप्रपाकी कञ्चन बिच्छालाई वन तथा वातावरण मन्त्रालयको जिम्मेवारी दिइएको छ ।

मुख्यमन्त्री नियुक्तिसँगै उत्पन्न विवादमा दायर रिटमा सर्वोच्च अदालतले मंसिर २ गते 'नीतिगत तथा दीर्घकालीन प्रभाव पार्ने निर्णय नगर्न' अन्तरिम आदेश जारी गरेको थियो। सो आदेशपछि मुख्यमन्त्री यादवले कार्यविभाजन र मन्त्रिपरिषद् विस्तारको प्रक्रिया अघि बढाएका हुन् ।

# हुलाकी राजमार्गको २१ पुल निर्माणाधीन

## १४ वर्षदेखि गिज्याइरहेका कमला नदी पुल बारे अनेकानेक गुनासो पुग्न थालेपछि भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले शुक्रवार आफै अनुगमन गर्दै सो निर्माणाधीन समस्याग्रस्त पुल निर्माणलाई तदारुकता दिन र तीन सिफ्टमा काम गर्न ठेकेदारलाई निर्देशन दिए ।

**टुडे समाचारदाता**

जनकपुरधाम । हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुर अन्तर्गत कमला नदी पुल सहित २१ वटा निर्माणाधीन रहेका छन् ।

सो योजना कार्यालयबाट निर्माण हुने भनिएका ६१ वटा पुल मध्ये २२ वटा निर्माण सम्पन्न भइसकेको छ। तर १८ वटा पुलको ठेक्का व्यवस्थापन अझैसम्म गर्न सकिएको छैन। स्रोतको अभाव तथा अन्य प्राविधिक समस्याले गर्दा ती १८ वटा पुलको ठेक्का व्यवस्थापन हुन समय लागेको आयोजनाको भनाई छ।

निर्मित २२ वटै पुलमा यातायात सञ्चालनमा आइसकेको छ भने १४ वर्षदेखि कमला नदी पुल सरकारको लापरवाहीले गिज्याइरहेका छन् । पछिल्लो पटक शिघ्र सम्पन्न गराउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले पुनः आवश्यक पहल थालेका छन्।

१४ वर्षदेखि गिज्याइरहेका कमला नदी पुल बारे अनेकानेक गुनासो पुग्न थालेपछि भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले शुक्रवार आफै अनुगमन गर्दै सो निर्माणाधीन समस्याग्रस्त पुल निर्माणलाई तदारुकता दिन र तीन सिफ्टमा काम गर्न ठेकेदारलाई निर्देशन दिए। हुनत यसअघि १४ वर्षमा जति पनि भौतिक पूर्वाधार मन्त्री भए त्यस मध्ये अधिकांशले अनुगमन गरिसकेका छन् । तर हालसम्म सम्पन्न हुन सकेको छैन।



हुलाकी राजमार्ग योजना, जनकपुर अन्तर्गत १६ वटा सडक खण्डको कुल चार सय तीन किलोमिटरमध्ये अब ६१ किलोमिटर खण्डमात्र कालोपत्र गर्न बाँकी रहेको छ। सो खण्डका काम धमाधम भइरहेको र कुनै अवरोध नभएका खण्डमा चालु आवको अन्त्यसम्म एउटा चरणमा पुऱ्याउन सकिने योजना प्रमुख डि.ई. कृष्णकुमार महतोले जनाएको छ । उनका अनुसार हालसम्म तीन सय ४२ दशमलव ६८ किलोमिटर सडक कालोपत्र भइसकेको छ।

हालसम्म जनकपुर-यदुकुहा सडकको (१६ दशमलव ६३ किलोमिटर) मध्ये १२ किलोमिटर, जलेश्वर-हर्दी सडकको २८ किलोमिटर, माईस्थान-गौशला सम्सी सडकको (२६ दशमलव ९४ किलोमिटर)मध्ये २६ किलोमिटर कालोपत्र भइसकेको छ।

धनुषाको कदमचौक कपतौल तीनकौरिया (३० दशमलव ५८ किलोमिटर) मध्ये २४ किलोमिटर, धनुषाकै यदुकुहा खजुरी महुवा सडक १० किलोमिटरमध्ये ६ किलोमिटर, धनुषा र महोत्तरीको जनकपुर बसबिटी हर्दी पोखरी भिण्डा सङ्ग्रामपुर सडकको २० किलोमिटरमध्ये १८ किलोमिटर, धनुषाको वीरेन्द्रबजार-यदुकुहा-महिनाथपुर सडकको (३२ दशमलव ३१ किलोमिटर)मध्ये ३१ किलोमिटर कालोपत्रे भइसकेको छ।

त्यस्तै सर्लाहीको एमआरएम बाँके सङ्ग्रामपुर सडकको (२२ दशमलव ४८ किलोमिटर) मध्ये २० दशमलव ७७ किलोमिटर कालोपत्र भएको छ। सोही जिललको फुलजोर त्रिभुवननगर २३ दशमलव दुई किलोमिटर पूरै कालोपत्र भएको छ। सर्लाहीकै सितलपुर मलङ्गवा खरैइयाटोल (पूर्वपश्चिम हुलाकी) सडकको (४० दशमलव ३७ किलोमिटर) मध्ये ३८ किलोमिटर कालोपत्र भएको छ।

सर्लाहीको नवलपुर-मलङ्गवा सडकको (२६ दशमलव ५९ किलोमिटर) नै कालोपत्र भएको छ। सोही जिल्लाको नयाँरोड-वरहथवा-मधुवनीको ४० दशमलव ५८ किलोमिटर नै कालोपत्र भएको छ।

सिरहाको बलान कमला सडक (२९ दशमलव ९८ किलोमिटर), सिरहा धनुषा जोडने कमला नदी पुलको सडक सहित, सर्लाहीको गोडैता-महिनाथपुर-माधोपुर-जयनगर हनैर्या खण्डको १० किलोमिटर नै कालोपत्र हुन बाँकी रहेको छ । सिरहाको जम्दह लगडी गडियानी (२७ दशमलव ४६ किलोमिटर) सडक भने कालोपत्र हुनसकेको छैन।

योजना प्रमुख महतोका अनुसार आयोजनाका लागि चालु आवको असोज मसान्तसम्म सात करोड नौ लाखबराबर खर्च भएको छ । हुलाकी सडक तथा पुल निर्माणका लागि ५९ करोड ९० लाख बजेट विनियोजन भएको छ । जग्गा खरिद, सडक विस्तारका क्रममा सडक सीमाभित्र पर्ने संरचनाको क्षतिपूर्तिका लागि पाँच करोड बजेट विनियोजन भएकामा एक करोड तीन लाख ९० हजार खर्च भइसकेको छ।

# जनमतले निर्वाचनमा गठबन्धन नगर्ने

**टुडे समाचारदाता**

जनकपुरधाम । संघीय लोकतान्त्रिक मोर्चाले एकजुट भई चुनाव लडने निर्णय गरेको २४ घण्टा पनि नबित्दै जनमत पार्टीले आसन्न प्रतिनिधिसभा निर्वाचनमा कुनै दल संग गठबन्धन नगर्ने घोषणा गरेको छ।

जनमत पार्टीका बरिष्ठ उपाध्यक्ष ई बसन्त कुशवाहाले आफनो सचिवालयको पेज मार्फत आसन्न निर्वाचनमा कुनै दल संग गठबन्धन नगर्ने घोषणा गरेका छन्।




उनले सचिवालय पेजमा लेखेका छन्, ' आगामी फाल्गुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनमा जनमत पार्टी अरु कुनै पनि पार्टीसंग मिलेर या गठबंधन गरेर चुनाव लड्दैन। जनमत पार्टी उम्मेदवारी दिन सक्ने हरेक निर्वाचन क्षेत्रमा लाउडस्पीकर हौरन छाप लिएर चुनावमा जाने हो।'

जनमतको यो घोषणाले संघीय लोकतान्त्रिक मोर्चाको निर्णयमा आघात पर्ने निश्चित भएको छ । यसैबीच विभिन्न माग राख्दै प्रधानमन्त्रीसुशीला कार्कीलाई ज्ञापन पत्र समेत बुझाएको छ। ज्ञापन पत्र मार्फत १२ बुँदे माग जनमतले अघि सारेका छन।

विगतका मधेश, थरूहट तथा स्वराज आन्दोलनको क्रममा नेपाल सरकारले गरेका २२-बूँदे, ८-बूँदे र ११-बूँदे सम्झौताहरू अनुसार बाकी रहेका कामहरू कार्यान्वय, राजनैतिक आन्दोलनको क्रममा मुद्दा लागेकाहरूलाई हिरासत तथा जेलमुक्त गर्ने र मुद्दा फिर्ता लिनेसहित लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने माग प्रमुख रुपमा उठाइएको छ। नेपाली सेना सहित सुरक्षा निकायहरूमा समावेशिता, प्रदेशको पूर्ण स्वायत्तताको घोषणा, प्रहरी संरचना प्रदेश मातहत कायम गर्ने, निर्वाचन क्षेत्र पुनर्निधारण तथा प्रदेशको सीमाङ्कन सच्चाउने, संविधान संशोधन, मधेशीसँग हुने विभेद र हिंसा तत्काले रोक्ने, समावेशी प्रतिनिधित्व, किसान तथा युवा बेरोजगारीको समस्याको समाधान, वैदेशिक रोजगारमा रहेकाहरूको समस्या सम्बोधन, तराई-मधेशको विकास कार्यक्रमहरू र संवादको वातावरण सिर्जना गर्ने सहितका माग समेत गरिएको छ।

# स्वास्थ्य आपूर्तिका ९ जना विरुद्ध मुद्दा दायर

**टुडे समाचारदाता**

हेटौडा। स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, हेटौंडाको आर्थिक वर्ष २०७८/७९ मा कोरोना भाइरससम्बन्धी स्वास्थ्य सामग्री खरिदमा ठूलो अनियमितता भएको ठहर गर्दै ९ जनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको छ।

आयोगको अनुसन्धानले दुई करोड रुपैयाँ विनियोजित बजेटबाट १३ प्रकारका सामग्री खरिद गर्दा कम मूल्य कबोल गर्ने प्रतिस्पर्धीहरूलाई बदनियतपूर्वक हटाई महँगो प्रस्ताव स्वीकृत गरिएको निष्कर्ष निकालेको हो।

आयोगले तत्कालीन निमित्त निर्देशक डा। अर्जुन प्रसाद सापकोटा, लेखा अधिकृत राधाकृष्ण श्रेष्ठ लगायत केन्द्रका विभिन्न पदाधिकारीहरू, प्रदेश लेखा नियन्त्रक कार्यालयका तत्कालीन लेखा अधिकृत नेत्रनरसिंह कार्की र आपूर्तिकर्ता जनमुक्ति हेल्थ इन्टरप्राइजेज र त्यसका प्रोपाइटर नवराज श्रेष्ठ गरी ९ जनालाई प्रतिवादी बनाएको जनाइएको छ।

बोलपत्र मूल्याङ्कन समितिले कम मूल्य कबोल गर्ने केएस इन्टरनेशनल लगायतका कम्पनीहरूलाई उत्पादन स्वीकृतिपत्रसम्बन्धी थप जानकारी नमागी अयोग्य ठहर गर्नुका साथै, चौथो कम मूल्य कबोल गर्ने जनमुक्ति हेल्थ इन्टरप्राइजेजको कागजातमा हस्ताक्षर नभए पनि सो कम्पनीलाई सफल घोषणा गरी कर सहित एक करोड २४ लाख ४४ हजार रुपैयाँमा सम्झौता गरेको अख्तियारको भनाइ छ।

यसरी मूल्याङ्कन समिति, कार्यालय र आपूर्तिकर्ताबीचको मिलेमतोबाट विधिअनुसार कम लागतमा खरिद हुन नदिई महँगो दरमा ठेक्का दिइएको आयोगको ठहर छ। आयोगले कम मूल्य प्रस्ताव गर्ने कम्पनीहरूलाई हटाएर महँगोमा ठेक्का दिँदा सरकारी कोषमा ३१ लाख १७ हजार ८९ रुपैयाँ बराबरको हानि भएको निष्कर्ष निकालेको छ।

अख्तियारले यही बिगो कायम गरी ती सबै प्रतिवादीहरूविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार कैद र जरिवाना सजायको माग गर्दै सोमबार विशेष अदालत काठमाडौंमा आरोप पत्र दायर गरेका छन्।

# सेनाद्वारा निशुल्क स्वास्थ्य शिविर



**टुडे समाचारदाता**

जनकपुरधाम। जनकपुरधामको सांस्कृतिक र पहिचानसँग जोडिएको सीताराम विवाह पञ्चमी महोत्सवको अवसरमा नेपाली सेनाले बृहत् निशुल्क स्वास्थ्य शिविर आयोजना गरेको छ।

मधेश प्रदेशको बर्दिबासस्थित नेपाली सेनाको मध्य-पूर्वी पृतना तथा सो अन्तर्गतका युनिटहरूको संयोजनमा सोमबार तीन दिवसीय निशुल्क स्वास्थ्य शिविर आयोजना गरिएको छ।

विवाह पञ्चमीमा सहभागी हुन आएका साधु-सन्त, भक्तजन तथा स्थानीयलाई लक्षित गरी जनकपुरधामको ऐतिहासिक बाह्रबिघा रंगभूमि मैदानमा आयोजन गरिएको शिविरमा विभिन्न प्रकारका स्वास्थ्य सेवा, औषधि वितरण तथा आँखाको मोतीबिन्दुको निःशुल्क शल्यक्रिया समेत उपलब्ध गराइएको सेनाले जनाएको छ।

शिविरमा नेपाली सेनाका चिकित्सक तथा स्वास्थ्यकर्मीहरूसँगै स्थानीय सरकारी तथा निजी अस्पतालका स्वास्थ्यकर्मीहरूको पनि सक्रिय सहभागिता रहेको छ । नागरिक-सैनिक सम्बन्ध सुदृढीकरणको लक्ष्यसहित सञ्चालन गरिएको यस निशुल्क शिविरमा सेनासँग सम्बन्धित सामाजिक उत्तरदायित्व तथा जनचेतनामूलक गतिविधिबारे जानकारी दिन विभिन्न सूचना एवं फोटो प्रदर्शनीका स्टलहरू पनि राखिएका छन्।

स्वास्थ्य शिविरको उद्घाटन मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णले एक विशेष समारोहबीच गरेका थिए। प्रदेशका मुख्यमन्त्री सरोज यादवले पनि शिविरको अवलोकन गरेका छन्।

यस वर्ष पनि साताव्यापी विवाह पञ्चमी महोत्सवको मुख्य आकर्षण मानिने भोलि मंगलबारको स्वयम्बर समारोहको अवसरमा नेपाली सेनाले हेलिकोप्टरमार्फत पुष्पवृष्टि तथा सैनिक बैन्डको विशेष प्रस्तुति प्रस्तुत गर्ने कार्यक्रम रहेको पृतनापति कृष्णबहादुर जीसी जनाएका छन्।

यसैबीच मटकोर विधिको क्रमको सो सेना टोलीद्वारा विशेष सुरक्षाको व्यवस्था गरिएको थियो । यसका साथै मटकोर भइरहेको बेला गंगा सागरमा डुँगा चलाएर कार्यक्रम दृश्यलाई मनमोहक बनाएको थियो।

# प्रविधि मार्फत हुने लैंगिक हिंसाका घटनामा मधेशमा बढी

**टुडे समाचारदाता**

जनकपुरधाम । लोकलाज र सामाजिक परिवेशका कारण विद्युतिय माध्यमद्वारा लैलिंगक हिंसा भएपनि महिला तथा किशोरीहरुले प्रहरीमा मुद्दा नगराउने गरेको एक कार्यक्रम जनाइएको छ।



सोमवार जनकपुरधाममा आयोजित प्रविधि मार्फत हुने लैंगिक हिंसा बारे पत्रकारसंगको अन्तरक्रिया कार्यक्रममा प्रहरीतर्फबाट उपस्थित प्रहरी सोनु साहले यस्तो बताएका हुन। उनले भने देशका अन्य भागभन्दा बढी मधेशमै प्रविधि मार्फत लैंगिक हिंसा हुने गरेको तथ्यांक पेश गर्दै भने।

उनले प्रस्तुत गरेको तथ्यांक अनुसार सामाजिक सञ्जाल मार्फत मधेश प्रदेशमा चालु आ.व. मात्रै ४२५ वटा घटना दर्ता भएको हो । प्रदेशका ८ वटा जिल्ला मध्ये सबैभन्दा बढी सप्तरीमा ११६ वटा सामाजिक सञ्जाल मार्फत लैंगिक हिंसाको घटना भएको उनले बताए।

गत आर्थिक वर्षमा १ हजार १ सय ५६ वटा मुद्दा दर्ता भएको थियो । जसमा सबभन्दा बढी जिल्लाबाट ४११ वटा मुद्दा दर्ता भएको थियो। फेसबूक मार्फत ४९३ र टिकटक मार्फत ४७८ वटा प्रविधि मार्फत हुने लैंगिक हिंसाको मुद्दा दर्ता भएको थियो। धनुषामा फेसबूकका २ सय ५ र टिकटकका १ सय ७० घटना दर्ता भएको थियो।

प्रहरी साहले भने यी संख्या दर्ता भएका मात्र हुन। यो भन्दा कयौं गुणा घटना प्रहरी समक्ष त पुगेकै छैन । अधिकांश लैंगिक हिंसाका घटना घर परिवार वा चिनजानका व्यक्तिबाटै हुने गरेको मुद्दा दर्ताको तथ्यांकले देखाएको छ । विभिन्न व्यक्तिलाई सम्मान समेत गरिएको थियो।

# श्रोत नखुलेको १५ लाखसहित एक पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज । श्रोत नखुलेको १५ लाख हुण्डीको रकम सहित पर्सा प्रहरीले एक जना पक्राउ गरेको छ । पक्राउ पर्नेमा पर्सा जिल्लाकै पकाहामैनपुर वडा नं.१ बस्ने बर्ष ३४ को अवधेश पटेल रहेको छ।

प्रहरीले विशेष सूचनाको आधारमा आइतबार चेकजाँचमा खटिएको नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोलीले भारततिरबाट आँउदै गरेका पटेलले हाँकेको बीआर २२ए एफ ४१२६ नम्बरको मोटरसाइकल रोकेर चेकजाँच गरेको थियो। त्यसक्रममा उक्त मोटरसाइकलमा रहेको झोलाबाट नगद १५ लाख रुपैयाँ फेला परेको पर्साका प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले बताएका छन्।



पटेलको साथबाट प्रहरीले हजारको नोट ७९० थान,५०० दरका नोट १३०१ थान, सयको ५६९ थान र .५० को ५० नोट गरी जम्मा १५ लाख रकम सहित पक्राउ गरेको बस्नेतले बताए। रकम र मोटरसाइकलसहित नियन्त्रणमा लिइएका पटेललाई प्रहरी हिरासतमा राखेर उनिविरुद्ध मुलुकी अपराध संहिता २०७४ को दफा १२५ को क बमोजिम कसुरमा अनुसन्धान भइरहेको पर्सा प्रहरीले जानएको छ।

**बालअधिकारको रक्षा गरौं।**

- माया, ममता, संरक्षण, स्वास्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासको अवसर पाउनु प्रत्येक बालबालिकाको अधिकार हो,
- बालअधिकारको रक्षा गरौं,
- बालबालिकाको जन्मदर्ता अनिवार्य गरौं,
- शोषण, दुर्व्यवहार र बालश्रमबाट बालबालिकालाई बचाऔं,
- घर, विद्यालय र समाजमा सुरक्षित र प्रेमपूर्ण वातावरण बनाऔं,
- बालअधिकारप्रति संवेदनशील बनौं,
- बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिऔं ।

बालअधिकार सुनिश्चित गरौं,
उज्जवल भविष्यको निर्माण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८